# वार्षिक प्रतिवेदन
# २०८२

दर्ता नं. १२५ (८७८) २०५३/०५४
दर्ता मिति: २०५४/२/२२

## २६ औं
## वार्षिक साधारण सभा
२०८२ असोज ३० गते बिहीबार




# साना किसान कृषि सहकारी संस्था लि. देवदह
## SMALL FARMERS' AGRICULTURAL CO-OPERATIVE LTD. DEVDAHA

देवदह न.पा.-६, खैरेनी, रुपन्देही, फोनः ०७१-५७७२९१, ९८५७०७३२९१
sanakishan.dev@gmail.com

# सञ्चालक समिति



**टीका न्यौपाने**
अध्यक्ष



**ख्याम नारायण ढकाल**
उपाध्यक्ष



**अजय कुमार गुप्ता**
सदस्य



**सरस्वती पोखरेल**
सदस्य



**लक्ष्मी कँडेल**
सदस्य



**निरमाया आचार्य**
सदस्य



**नविन न्यौपाने**
सदस्य



**अम्बर बहादुर थापा**
सदस्य



**दिल बहादुर थापा**
सदस्य

# लेखा समिति



**कल्पना जि. सी. सुवेदी**
संयोजक



**दिवाकर अधिकारी**
सदस्य



**दुर्गा नारायण डुम्रे**
सदस्य

दर्ता नं.: १२५(८७८)०५३/०५४
फोन: ०७१-५७७२९१

# साना किसान कृषि सहकारी संस्था लि. देवदह

# SMALL FARMER'S AGRICULTURAL CO-OPERATIVE LTD. DEVDAHA

देवदह न.पा.-६, खैरेनी, रुपन्देही

प.सं ०८२/८३
च.नं ५०

मितिः २०८२/०६/१०

**श्री शेयर सदस्य ज्यु,**

उपर्युक्त सम्बन्धमा यस साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहको सञ्चालक समितिको निर्णय अनुसार **२६ औं वार्षिक साधारण सभा** कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिएको हुनाले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभामा प्रस्तुत हुने छलफलका प्रस्तावहरु :-**

१. गणपुरक संख्या एकीन सम्बन्धमा
२. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
४. आ.व. ०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
५. आ.व. ०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. आ.व. ०८२/०८३ को बजेट तथा कार्यक्रम पारित सम्बन्धमा ।
७. आ.व. ०८१/०८२ को शेयर लाभांश रकम अनुमोदन सम्बन्धमा ।
८. आ.व. ०८१/०८२ को संरक्षित पूँजीकोष रकम अनुमोदन सम्बन्धमा ।
९. संस्थाको संचालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१०. साना किसान विकास लघु वित्तिय संस्था लि.शाखा कार्यालय बुटवलबाट लिएको ऋण अनुमोदन सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१२. सहकारी संस्था एकीकरण सम्बन्धमा ।
१३. जग्गा तथा सवारी साधन सम्बन्धमा ।
१४. नीति निर्माण तथा संशोधन सम्बन्धमा ।
१५. धितो लिलामी गरी ऋण असुल उपर गर्न अख्तियारी दिने सम्बन्धमा ।
१६. ब्याजदर संशोधन तथा अनुमोदन सम्बन्धमा ।
१७. बिमा कार्यक्रम सम्बन्धमा ।
१८. कृषि उपज संकलन केन्द्र र बिक्री वितरण सम्बन्धमा ।
१९. भुक्तानी पूर्जा सञ्चालन सम्बन्धमा ।
२०. विविध सम्बन्धमा ।

| क्र.सं. | शाखा/सेवा केन्द्र | मिति | कार्यक्रम सञ्चालन हुने स्थान | समय |
|---|---|---|---|---|
| १. | साना किसान कृषि सहकारी संस्था लि. देवदह, मुख्य कार्यालय (खैरेनी) | २०८२/०६/३० | नित्या फुडल्याण्ड (पहिलेको B25) देवदह-७, कोलिय मार्ग, खैरेनी | ११:०० बजे |
| २. | सिक्टहन शाखा | २०८२/०६/३० | गुरुङ समाजको सभाहल देवदह-१२, प्रगतिनगर | ११:०० बजे |
| ३. | चरङ्गे सेवा केन्द्र | २०८२/०६/३० | वडा कार्यालय देवदह-१० | ११:०० बजे |

**नोटः** १. यस प्रतिवेदन उपर केही टिप्पणी, सल्लाह र सुझाव भएमा लिखित रुपमा जानकारी गराउन हुन अनुरोध छ ।
२. यस संस्थामा आवद्ध रहनुभएका ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक शेयर सदस्यहरुलाई साधारण सभामा सम्मान गरिनेछ ।
३. +२ परीक्षामा संस्थागत, सामुदायिक र प्राविधिक विद्यालयतर्फ उत्कृष्ट नतिजा हासिल गरेका शेयर सदस्यहरुका छोराछोरी १-१ जनालाई सम्मान गरिनेछ । सोको लागि +२ को मार्कसिट प्रतिलिपी साधारण सभा अगावै संस्थामा जम्मा गर्नुपर्नेछ ।

**टीका न्यौपाने**
**अध्यक्ष**

दर्ता नं.:- ५५२ [illegible]
मितिः- २०५६।२।२२

श्री ५ को सरकार
सहकारी विभाग
जिल्ला सहकारी कार्यालय, रूपन्देही

# दर्ताको प्रमाण-पत्र

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम श्री साना किसान सहकारी संस्था लि. देवदह रुपन्देही लाई सीमित दायित्व भएको संस्था / संघमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

[२०५६।२।२२]
दर्ता गरेको मिति :–

[[illegible]]
दस्तखत

देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं. ११५२

मिति:-२०७८/१०/१६

श्री सानाकिसान कृषि सहकारी संस्था लि. देवदह
देवदह-६, रुपन्देही।
श्री सानाकिसान कृषि सहकारी संस्था लि. सिक्टहन
देवदह-१२, रुपन्देही।

विषय : एकिकरण स्वीकृत गरिएको सम्बन्धमा ।

उपरोक्त विषयमा श्री सानाकिसान कृषि सहकारी संस्था देवदह-६, रुपन्देहीको च.नं १६५ मिति २०७८/१०/११ को प्राप्त पत्रानुसार यस स्थानीय तहभित्र कार्यक्षेत्र भई संचालित भएका श्री सानाकिसान कृषि सहकारी संस्था देवदह-६, रुपन्देही र श्री सानाकिसान कृषि सहकारी संस्था लि. देवदह-१२, रुपन्देहीले उक्त दुई संस्थाले एकिकरणको आधार र प्रक्रिया पुरा गरी एकिकरण स्वीकृतिको लागि पत्रबाट माग भई आएकोमा यस कार्यालयको मिति २०७८/१०/१६ गतेको निर्णयानुसार देवदह नगरपालिकाको नगर सहकारी ऐन २०७४ को दफा ६५ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी उक्त संस्थाहरु एक आपसमा एकिकरण हुन स्विकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

०७८/१०/१६

(गंगा प्रसाद पन्थी)
अधिकृतस्तर सातौं

गंगा प्रसाद पन्थी
अधिकृतस्तर सातौं

# साना किसान कृषि सहकारी संस्था लिमिटेड

देवदह, रूपन्देही



## स्वागत मन्तव्य

यस साना किसान कृषि सहकारी संस्था लि. देवदहको २६ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्ष एवं संस्थाका अध्यक्ष श्री टिका न्यौपानेज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी महत्वपूर्ण समय प्रदान गरेर यस सभालाई सुशोभित पार्न आफ्नो अमूल्य समय प्रदान गर्नुहुने प्रमुख अतिथिज्यू यस संस्थाका पूर्व अध्यक्षज्यूहरू, पूर्व लेखा समिति ज्यूहरू, उपस्थित अतिथिज्यूहरू, सञ्चालक समितिका मित्रहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यहरू, मूल्याङ्कन समितिका संयोजक एवं सदस्यहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, अन्तर समूहका अध्यक्ष एवम् पदाधिकारीज्यूहरू, व्यवस्थापक एवं कर्मचारीहरू, पत्रकार बन्धुहरू, सुरक्षाकर्मीहरू, संस्थाका ज्येष्ठ सदस्यहरू, सम्पूर्ण शेयर सदस्य महानुभावहरू तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरू सबैमा देवदहको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिवादन तथा हार्दिक स्वागत गर्न चाहन्छु।

प्रजातन्त्रको निम्ति ज्यान आहुति दिने एवं जेन-जी आन्दोलनका सहिद संघीय गणतन्त्र र सहकारी आन्दोलनमा लाग्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक नमन गर्दै यस अवसरमा वहाँहरूप्रति स्मरण गर्न चाहन्छु।

समयको अविरल यात्रासँगै गतिशिल बनेको यस संस्था २६ औं बसन्त पार गरी २७ औं बसन्तमा प्रवेश गरेको छ। सहकारी क्षेत्रमा अज्ञानता र अनभिज्ञतामा पनि सहकारी मार्फत साना किसान सदस्यहरुको आर्थिक सामाजिक शोषण र विभेद न्यूनिकरण गर्ने उद्देश्यका साथ हाम्रो देश नेपालमा पनि वि.सं. २०१३ सालदेखि सहकारीको सुरुवात भएको पाइन्छ। गरिबी निवारण कार्यमा सहकारी क्षेत्रले अहम् भूमिका खेल्न सक्ने भएकाले सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गर्ने उद्देश्यले ग्रामीण क्षेत्रमा छरिएर रहेका पूँजीलाई एकीकृत गर्दै गरिवी न्यूनीकरण गर्ने प्रयास स्वरूप नेपाल सरकारले कृषि विकास बैंक मार्फत् २०३२ सालदेखि साना किसान विकास आयोजनाहरू सञ्चालन गर्ने कार्यको थालनी गर्‍यो। त्यसको परिमाण स्वरूप वि.सं. २०४१ सालमा तत्कालीन देवदह गा.वि.स.मा पनि साना किसान विकास आयोजनाको स्थापना भयो। यहाँका जनताहरूलाई वित्तीय रूपमा सवल र सक्षम बनाउन लागि उनीहरूकै चाहना अनुरूप संस्थागत विकासका चरणहरू पार गर्दै वि.सं. २०५४/२/२२ गते डिभिजन सहकारी कार्यालय भैरहवामा दर्ता भई वि.सं. २०५४/४/१ देखि ५१ वटा समूह संख्या ३ हजार शेयर पूँजी एवम् ३७ लाख ९८ हजार साँवा रकम लिएर आफ्नो कारोबार सञ्चालन गरेको थियो भने २०८२ असार मसान्तसम्म यस संस्थाको ३ करोड ८५

लाख ४ हजार ८ सय शेयर रकम, निक्षेप ३६ करोड ९५ लाख ६१ हजार, लगानी ४८ करोड ९१ लाख ९ हजार मात्र, नाफा कर पछाडि १ करोड ४७ लाख ७३ हजार भएको छ। साथै संस्थाले विभिन्न माध्यमबाट सामाजिक क्रियाकलापहरू सम्पन्न गर्दै आएको छ। जस अन्तर्गत सदस्य बिमा कार्यक्रम, सहकारी शिक्षा तालिम, मरणोपरान्त राहत कोष, पुरस्कार, विभिन्न विधाहरूमा सम्मान, पशुपालनका लागि सस्तो ब्याजदरमा लगानी, बाख्रा पैंचो कार्यक्रम, संस्थाका शेयर सदस्यहरुको हक हितका लागि कृषकबाट उत्पादित कृषि तथा खाद्यान्नसँग सम्बन्धित वस्तुहरु सस्तो मूल्यमा उपलब्धता, अन्तर सहकारीबाट उत्पादित वस्तु सुलभ मूल्यमा बिक्रि वितरण, नगदेबाली (तरकारीको बेर्ना) का विरुवा समेत यस संस्थाका शेयर सदस्यलाई निशुल्क वितरण गरेको कुरा यस अवसरमा जानकारी गराउन चाहन्छु। यी सबै गतिविधिले गर्दा यस संस्था नेपालकै नमुना सहकारी संस्था हुन पुगेको छ।

यसै अनुरूप यस संस्थाले आफ्ना शेयर सदस्यहरूलाई उत्पादनशील एवं व्यावसायिक बनाउँदै जीवनस्तरलाई उठाउने तर्फ अग्रणी भूमिका खेलेको छ। यस संस्थाका सम्पूर्ण शेयर सदस्यहरूको बचत र ऋणलाई मध्यनजर गरी सहज र सरल तरिकाबाट सेवा प्रदान गर्नका निमित्त देवदह नगरपालिका विभिन्न वडामा सेवा केन्द्र स्थापना गरी सेवा दिइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु।


आदरणीय शेयर सदस्य महानुभावहरू, आज हामीहरूले हाम्रो साना किसान कृषि सहकारी संस्था लि. देवदहले २६ वटा वसन्तहरू पार गरेको पावन अवसरमा हालसम्म गरेका प्रगतिहरूको समीक्षा र आ.ब.०८२/८३ को भावि बजेट एवं कार्ययोजना माथि व्यापक रूपमा छलफल र अनुमोदन गर्ने काम सम्पन्न गर्नेछौं। यो समयमा उपस्थित सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरूको गहन सुझाव र सल्लाहको महत्वपूर्ण भूमिका रहने हुनाले आजको साधारण सभाको समय अवधिभर सौहाद्रपूर्ण वातावरणमा छलफल एवम् समीक्षा कार्यमा धैर्यतापूर्वक सहभागी भइदिनुहुन विनम्र अनुरोध गर्दछु।

साथै, अन्त्यमा आज हाम्रो संस्थाको यो २६ औं वार्षिक साधारण सभाको पावन अवसरमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी यो कार्यक्रमको शोभा बढाइदिनुहुने आदरणीय प्रमुख अतिथिज्यू सम्पूर्ण अतिथिज्यूहरू र सम्पूर्ण शेयरसदस्य दाजुभाई तथा दिदीबहिनीहरूलाई स्वागत गर्दै उत्तरोत्तर प्रगतिको कामनासहित भर्खर मनाएको विजया दशमी तथा आउदै गरेको शुभ दीपावली तथा छठ पर्वको शुभकामना दिँदै मेरो स्वागत मन्तव्य विट मार्ने अनुमति चाहन्छु।
धन्यवाद, नमस्कार, जय सहकारी !

**श्याम नारायण ढकाल**
उपाध्यक्ष
सा.कि.कृ.स.स. लि. देवदह

# साना किसान कृषि सहकारी संस्था लिमिटेड

देवदह, रूपन्देही



## छब्बिसौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन तथा कार्ययोजना

यस  साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदह, रूपन्देहीको २६ औं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, मञ्चमा विराजमान हुनु भएका अतिथिज्यूहरू, संस्थाका पूर्व अध्यक्ष तथा उपाध्यक्षज्यूहरु, पूर्व लेखा समितिका पदाधिकारीज्यूहरु, सञ्चालक समितिका उपाध्यक्ष लगायत सञ्चालक साथीहरू, लेखा समितिका संयोजक लगायत सदस्य साथीहरू, अन्तर समूहका अध्यक्ष एवं सदस्यज्यूहरू, विभिन्न निकायमा प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि साथीहरू, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरू, संस्थाका मुख्य प्रबन्धक लगायत कर्मचारीहरू, सम्पूर्ण शेयर सदस्यज्यूहरू, पत्रकार, सुरक्षाकर्मी, ज्येष्ठ सदस्यहरू, साधारण सभालाई सम्पन्न गर्न गठित सम्पूर्ण कार्यदलका सदस्यहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरूमा सर्वप्रथम यस साना किसान कृषि सहकारी संस्था लि. देवदहको २६ औं वार्षिक साधारण सभाको अवसरमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट स्वागतसहित सहकारी अभिवादन व्यक्त गर्दछु।

आजको यस घडीसम्म आइपुग्ने क्रममा राष्ट्रियता, स्वाधीनता, विकास र अग्रगामी परिवर्तनका निम्ति प्राण आहुति दिने ज्ञात अज्ञात, जेन-जी आन्दोलनका सहिदहरू एवं यस अवधिमा दिवंगत हुने यस संस्थाका शेयर सदस्य लगायत सदस्यहरूका आफन्तजन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै यस संस्थाको उन्नतिमा टेवा पुऱ्याउने अग्रजहरूप्रति सम्मान व्यक्त गर्न चाहन्छु।

यस क्षेत्रमा कृषि, दुग्ध, पशुपालन व्यवसायलाई मध्यनजर गर्दै विभिन्न पेशा व्यावसाय गर्ने माध्यम तथा न्यून आय भएका समुदायलाई एकीकृत गरी एकका लागि सबै र सबैका लागि एक भन्ने भावनासहित विपन्न तथा पिछडिएका जनताको आर्थिक उत्थान नगरिएसम्म गरिवी निवारणको लक्ष्य पुरा हुन सक्दैन भन्ने कुरालाई मध्यनजर गर्दै यस साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहको स्थापना भएको छ।

आधुनिक एवं प्रभावकारी सेवा प्रदान गर्नु आजको प्रमुख आवश्यकता हो। जसका लागि आधारको रूपमा बाह्य वातावरण सहज बन्नु र आन्तरिक रूपमा बलियो वित्तिय संरचना, पारदर्शी कार्य सम्पादन, सवल व्यवस्थापन, दक्ष जनशक्ति र सदस्य एवं समुदायको सक्रिय सहभागिताको लागि हामी दत्तचित्त भएर लागेका छौं। सञ्चालनमा रहेका सहकारी शिक्षा, क्षमता विकास, सिप विकास, सदस्य सम्मान, सामाजिक उत्तरदायित्व वहनसँगै सहकारी भ्रमण कार्यक्रम थप प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको र यसलाई निरन्तरता दिईने छ। कर्मचारीहरूको क्षमता विकाससँगै तहगत स्तर उन्नति गरिनेछ। संस्थाको योजना अनुसार सेवा केन्द्रहरूलाई व्यवस्थित गरिनेछ। संस्थालाई नीति, विधि र प्रविधिको प्रयोग गरी संचालन गरिनेछ।

तत्कालीन देवदह गा.वि.स.मा वि.सं. २०४१ सालमा कृषि विकास बैंक साना किसान विकास आयोजनाको नामले स्थापित भई मिति २०५४/०२/२२ गतेका दिन डिभिजन सहकारी कार्यालय भैरहवामा दर्ता नं. १२५ (८७८) मा सहकारी ऐन २०४८ अनुसार विधिवत दर्ता भई यस क्षेत्रकै विज्ञ तथा शुभचिन्तक अग्रजहरूको नेतृत्वमा सञ्चालन गर्ने गरी वि.सं. २०५४ साल श्रावण १ गतेका दिन साना किसान विकास आयोजना केरवानीले देवदहको नामले सञ्चालन भए गरेको सम्पूर्ण कार्यक्रमहरूको हस्तान्तरण लिएको यस साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहले आज २६ औँ वार्षिक साधारण सभा सञ्चालन गरिरहेको छ भन्न पाउँदा म आफैमा गौरब महसुस गरेको छु। हाम्रो यो संस्था यस अवस्थासम्म आइपुग्नुमा सञ्चालक समितिको मात्र भूमिका नरहेर सञ्चालक समितिले तर्जुमा गरेको योजना तथा नीति नियमहरुलाई कार्यान्वयन गर्ने क्रममा एकबद्धता भई कार्य गर्ने सम्पूर्ण आदरणीय शेयरधनी, लेखा समितिका मित्रहरु, संस्था सञ्चालनका क्रममा गठित विभिन्न उपसमितिहरु, शुभचिन्तकहरु, देवदह नगरपालिका सहकारी विभाग, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., सहकारी विभाग र आफ्नो कर्तव्य एवम् दायित्वलाई इमानदारीताका साथ पालना गर्ने यस संस्थाका कर्मचारी परिवारको पनि उत्तिकै योगदान रहेको छ। यस संस्थालाई यहाँसम्म ल्याई पुऱ्याउन यहाँहरूले गर्नुभएको योगदान सल्लाह, सुझावको उच्च मूल्याङ्कन गर्दै सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक आभार तथा धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरूमा पनि यसरी नै सल्लाह सुझावको अपेक्षा गर्दछु। आदरणीय प्रमुख अतिथिज्यू तथा शेयरसदस्यज्यूहरू अब म यस संस्थाको प्रगति विवरण, विगतदेखि सञ्चालन भै निरन्तरता दिएका कार्यक्रमका बारेमा र यस वर्षदेखि सञ्चालन गर्न चाहेका भावी कार्यक्रमका बारेमा सभा समक्ष जानकारी गराउन चाहान्छु।

## हस्तान्तरण हुँदाको स्थिति

१) **संगठन तर्फ** : साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहलाई वि.सं. २०५४ साल आषाढ ३१ गतेका दिन हस्तान्तरण गरेर लिने समयमा समूह संख्या ३०, शेयर रकम ३ हजार, लगानीको रहिरहेको रकम ३७ लाख ९८ हजार, भाखा नाघेको ऋण ३ लाख १२ हजार, पाउनुपर्ने व्याज ४ लाख ६ हजार र असुली दर ८७ प्रतिशत रहेको थियो।

**मिति २०८२ असार मसान्तसम्मको समूह संख्या र सदस्य संख्याको विवरण**

| | समूह संख्या | | | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|
| आ. व. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २०७९/८० | ५९० | २०८ | ७९८ | ३०२८ | ११३१ | ४१५९ |
| २०८०/८१ | ६१० | २१० | ८२० | ३१५३ | ११५० | ४३०३ |
| २०८१/८२ | ६३७ | २२१ | ८५८ | ३३१७ | १२०७ | ४५२४ |

आदरणीय शेयर सदस्य महानुभावहरु यस संस्थाको संचालक समिति र साधारण सभाको निर्णय अनुसार संस्थाका शेयर सदस्यको मृत्यु पश्चात् निजको परिवारलाई राहत दिने उद्देश्यले संचालनमा ल्याएको सदस्य सुरक्षा योजना कार्यक्रममा हालसम्म ३,१२५ जना संस्थाका शेयर सदस्यहरु आबद्ध भई सक्नु भएको छ र यसै कार्यक्रम अन्तर्गत तल उल्लेखित शेयर सदस्यहरुलाई मृत्यु पर्यन्त राहत कोष निजकै निवासमा गई उक्त सदस्यको हकवाला व्यक्तिलाई दिइएको कुरा पनि यहाँ अवगत गराउन चाहन्छु। साथै उक्त शेयर सदस्यहरुले जम्मा गरेको रकम रू.५,००० मा यस संस्थाले ब्याज प्रदान गरेको व्यहोरा जानकारी गराउँदछु।

| क्र.सं. | मिति | मृतक शेयर सदस्यको नामथर | समुह नं. | राहत रकम |
|---|---|---|---|---|
| १ | २०८१/०८/०९ | अर्जुन प्रसाद शर्मा | ११८ | ४५,००० |
| २ | २०८१/०८/१६ | देवकला गलामी | १०५ | ४५,००० |
| ३ | २०८१/१०/२३ | मिना कुमारी राना | ५६ | ४५,००० |
| ४ | २०८१/११/१२ | गिता देवी शर्मा | २६१ | ४५,००० |
| ५ | २०८२/०१/२३ | शान्ती कुवर जोगी सिक्टहन शाखा | २४ | ९,००० |
| ६ | २०८२/०२/३१ | उमापति पाण्डे | ३२२ | ४५,००० |
| ७ | २०८२/०३/१२ | रमेश अधिकारी | ४१३ | ४५,००० |
| ८ | २०८२/०३/२२ | थल बहादुर घर्ती क्षेत्री | ३०८ | ४५,००० |
| जम्मा मरणोपरान्त राहत वितरण रकम : | | | | ३२४,००० |

## आदरणीय शेयर सदस्य माहानुभावहरू

यस साना किसान कृषि सहकारी संस्था लि. देवदहको २०८२ साल आषाढ मसान्तसम्मको शेयर पूँजी, लगानी, असुली, निक्षेप, बाह्रय ऋण, आम्दानी, खर्च तथा नाफाको विवरण यस प्रकार रहेको कुरा जानकारी गराउन चाहान्छु।

| क्र.सं. | विवरण | गत वर्ष | यस वर्ष |
|---|---|---|---|
| १ | समूह संख्या | ८२० | ८५८ |
| २ | शेयर सदस्य संख्या | ४,३०३ | ४,५२४ |
| ३ | शेयर पूँजी | ३,८३,०७,३०० | ३,८५,०४,८०० |
| ४ | निक्षेप रकम | ३३,६०,०९,५९६.६५ | ३६,९५,६१,०८४.०९ |
| ५ | लगानीमा रहिरहेको | ४८,३०,८९,२९४ | ४८,९१,०९,०१९ |
| ६ | आम्दानी | ७,१५,६१,३११.३५ | |
| ७ | खर्च | ५,११,०१,५७०.०२ | |
| ८ | नाफा | २,०४,५९,७४१.३३ | १,४७,७२,७६१.३९ |
| ९ | तिर्नुपर्ने ऋण | ७,०२,९५,००० | २,९४,२०,००० |
| १० | जगेडा तथा अन्य कोषहरु | १२,२१,४३,९४२.३५ | १२,७५,५७,०७७.७४ |

## व्याजदर निर्धारण व्यवस्था सम्बन्धमा

आदरणीय शेयर सदस्यज्यूहरु यस संस्थाको संचालक समितिको निर्णयानुसार देशमा विधमान रहेको आर्थिक मन्दीका कारणले गर्दा यस संस्थाका शेयर सदस्यको अनुरोधमा यस संस्थाका ऋणी शेयर सदस्यहरुको १ आर्थिक वर्षमा २ पटक व्याजदर परिवर्तन गरिएको छ भने २०८२ साल अषाढ मसान्तसम्म तपशिल अनुसारको ऋणको व्याजदर कायम गरिएको जानकारी गराउदछौं। साथै संस्थाले २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी पुन व्याजदर परिवर्तन गरेको छ जसमा लघुकर्जामा १०

%, पशुपालन र कृषि कर्जामा ७%, ग्रामीण लघुउद्यम कर्जामा ८%, वैदेशिक कर्जामा १०% दर कायम गरिएको छ। साधारण व्याजदरमा मासिक व्याज नआएमा उक्त अगाडिको महिनाको साधारण व्याजदरमा  ३% र साँवाको भाखा नाघेमा थप ३% लिने गरेकोमा उक्त व्याजदरलाई पनि  मिति २०८२ कार्त्तिक १ गतेदेखी पुन संसोधन गरी साधारण व्याजदरमा मासिक व्याज नआएमा २% र साँवाको व्याज नाघेमा थप २% कायम गरिएको जानकारी गराउँदछौ।

**२०८२ अषाढ मसान्तसम्म**

| क्र.सं. | विवरण | साधारण ब्याजदर | | मध्यम ब्याजदर | | उच्च व्याज दर | |
|---|---|---|---|---|---|---|---|
| | | पुरानो व्याजदर | परिवर्तित व्याजदर | पुरानो व्याजदर | परिवर्तित व्याजदर | पुरानो व्याजदर | परिवर्तित व्याजदर |
| १ | लघु साधारण कर्जा | १२% | ११% | १५% | १४% | १८% | १७% |
| २ | मासुजन्य कर्जा | ९% | ९% | १२% | १२% | १५% | १५% |
| ३ | दुधजन्य कर्जा | ९% | ९% | १२% | १२% | १५% | १५% |
| ४ | व्यवसायिक कर्जा | ९% | ९% | १२% | १२% | १५% | १५% |
| ५ | लघुउद्यम कर्जा | ८% | ८% | ११% | ११% | १४% | १४% |
| ६ | पुर्नउत्थान कर्जा | १०% | १०% | १३% | १३% | १६% | १६% |
| ७ | बैदेशिक कर्जा | १२% | ११% | १५% | १४% | १८% | १७% |
| ८ | सुनौलो भविष्य कर्जा | १२% | ११% | १५% | १४% | १८% | १७% |
| ९ | समृद्धि कर्जा | १२% | ११% | १५% | १४% | १८% | १७% |

## ऋणको वर्गीकरण

**वडा तथा शाखा अनुसारको ऋण लगानी विवरण :-**

| क्र.सं. | वडा तथा शाखा | ऋणी सदस्य संख्या | ल.र.र.(रु. हजारमा) |
|---|---|---|---|
| १ | वडा नं ५ | २१५ | ११६५३७ |
| २ | वडा नं ६ | ८२ | ३०४४१ |
| ३ | वडा नं ७ क | १४७ | ११२०२४ |
| ४ | वडा नं ७ ख | ८४ | ३३७३८ |
| ५ | वडा नं ८ | २१० | ७९३४३ |
| ६ | वडा नं ९ | १०२ | ३५९३४ |
| ७ | चरङ्गे सेवा केन्द्र | १३३ | २८७६३ |
| ८ | सिक्टहन शाखा | ३५१ | ४८०५० |

## तहगत ऋण वर्गीकरण

| क्र.सं. | ऋण सिमा तह | जम्मा ऋणी सङ्ख्या |
|---|---|---|
| १ | १०००००-२००००० | ८६१ |
| २ | २०००0१-५००००० | २६३ |
| ३ | ५०००0१-१०००००० | १२६ |
| ४ | १००००0१-१५००००० | ८४ |
| ५ | १५००००१-२०००००० | १० |
| ६ | २००००0१-२५००००० | ५ |
| ७ | २५००००१-३०००००० | २ |
| ८ | ३००००0१-३५००००० | ५ |
| ९ | ३५००००१-५०००००० | ५ |
| | जम्मा ऋणी | १३६१ |

## बचत संकलन

यस संस्थाले शेयर सदस्यको बचतलाई मध्यनजर गर्दै निक्षेपमा तपसिल अनुसारको व्याजदर परिवर्तन गरिएको छ भने २०८२ साउन १ गतेदेखि लागु हुनेगरी पुन व्याजदर परिवर्तन गरिएको छ।

| क्र.सं. | बचतको शिर्षक | पुरानो व्याजदर | असार २०८२ को व्याजदर |
|---|---|---|---|
| १ | अनिवार्य बचत | ८% | ७% |
| २ | व्यक्तिगत बचत | ५% | ५% |
| ३ | कर्जा सुरक्षण बचत | ५.५% | ५.५०% |
| ४ | समुह बचत | ७% | ६% |
| ५ | सामाजिक सुरक्षा कोष | ५% | ७% |
| ६ | शेयर लाभांश कोष | ५% | ५% |
| ७ | संघसस्था बचत | ५% | ५% |
| ८ | आबाधिक बचत | ९% | ८% |
| ९ | बाल बचत | १०% | ८% |
| १० | पशु बिमा कोष | ५% | ५% |
| | | | |

## राहत वितरण सम्वन्धमा :

यस साना किसान कृषि सहकारी संस्था लि. देवदहले सञ्चालक समितिको निर्णय अनुसार क्यान्सर, मृगौला, ब्रेन ट्यूमर र पत्थरी जस्ता जटिल रोगको उपचारमा शेयर सदस्यहरुलाई सहयोग स्वरुप प्रतिव्यक्ति रू. ५,००० का दरले प्रदान गरिएको गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

| क्र.सं. | मिति | शेयर सदस्यको नामथर | समुह नं | राहतको उद्देश्य | राहत रकम |
|---|---|---|---|---|---|
| १ | २०८१/०८/१६ | मोहनीलाल न्यौपाने | २९४ | | ५,००० |
| २ | २०८१/०९/२९ | विष्णु प्रसाद काफ्ले (कर्मचारी) | ३२ | | २५,००० |
| ३ | २०८१/०९/२९ | सरस्वती बस्याल | १७७ | | ५,००० |
| ४ | २०८१/०९/२९ | मन कुमारी क्षेत्री | २३ | | ५,००० |
| ५ | २०८१/०१/२५ | झनिसरा बि.क | ३८६ | | ५,००० |
| | | | | जम्मा राहत वितरण रकम : | ४५,००० |

## पशु बिमा कार्यक्रम

संस्थाको बिमा समितिको आवश्यकता अनुसार बैठक बसी पशुधन सुरक्षण कार्यक्रमलाई मर्यादित र समुन्नत रूपमा अघि बढाउन प्रयास गरेका हौं। यो कार्यक्रम नेपाल सरकारलाई साना किसान बिकास लघुवित्त वित्तिय संस्था लि. शाखा कार्यालय बुटवल मार्फत प्राप्त दुधजन्य र मासुजन्य कर्जाले धेरै सहयोग पुगेको छ। साथै पशुपालक सदस्यहरूलाई उक्त सहुलियत कर्जाको अधिकतम् सदुपयोग गर्नुहुन अनुरोध गर्दछौं। सम्पूर्ण यस संस्थामा आवद्ध पशुपालकहरूलाई संस्थाबाट लिएको ऋणमा अनिवार्य रुपमा पशुबिमा गर्नुहुन आग्रह गर्दछु। साथै क्षतिपूर्ति पाउने प्रकृया सरल र छिटो रहेको जानकारी गराउँदै पशुपालन गर्ने कृषहरूको हौसला बृद्धि गर्नका लागि प्रत्येक साधारण सभामा उत्कृष्ट पशुपालक शेयर सदस्यहरुलाई पुरस्कार वितरण गर्दै आइरहेको र आगामी दिनमा पनि यो कार्यक्रमलाई निरन्तरता दिने प्रस्ताव पेश गर्दछु।

## आदरणीय शेयर सदस्य महानुभावहरू

यस साना किसान कृषि सहकारी संस्था लि. देवदहले शेयर सदस्यहरुलाई उत्पादनमूलक आयआर्जनमा टेवा पुऱ्याउनको लागि जेटिए विषय विशेषज्ञद्वारा शेयर सदस्यहरुलाई विरुवा रोप्नेदेखि लिएर विरुवा ठूलो भएर फल फलेपछि भण्डारण गर्ने तालिम दिएर शेयर सदस्यहरुलाई तरकारीका विउ लगाउन अनुरोध गर्ने र तिनै कृषकहरुद्वारा उत्पादित विरुवा खरीद गरी यस संस्थाका २००० जना शेयर सदस्यहरुलाई नगदे बाली (लौका, काक्रा, घिरौला, करेला, फर्सी, खरबुजा) लगायत तरकारीका विरुवाहरु नगद रु १० लिएर वितरण गरेको कुरा जानकारी गराउँदछौं।

## धितो मूल्याङ्कन शुल्क सम्बन्धमा

यस संस्थाले पाँच लाखभन्दा कम रकमको लगानी गर्दा संस्थाको आन्तरिक मूल्याङ्कन समितिको आधारमा धितो मूल्याङ्कन गरिएको छ भने रु. पाँच लाखभन्दा माथि इन्जिनियरिङबाट मूल्याङ्कन गरी ऋण लगानी गरिएको छ। इन्जिनियरिङको मूल्याङ्कन शुल्क क्रमश रु. दश लाखको एक हजार र बीस लाखको दुई हजार तीस लाखको तीन हजार गरी भ्यालुयशनको आधारमा थप शुल्क लिइने छ।

## ऋण सीमा सम्बन्धमा

यस संस्थाले सञ्चालक समितिको निर्णय र साधारण सभाको निर्णयबाट एक घर परिवारबाट एक जनालाई धितो लिएर ठाडो रोक्का गरी रू. ५ लाखसम्म र धितो दृष्टि बन्धक गरी रू. २० लाखसम्म ऋण लगानी यथावत गरिएको छ र व्यवसायिक रुपमा कारोबार गर्ने शेयर सदस्यको हकमा संस्थाको आन्तरिक श्रोतबाट सरल कर्जा भनेर ५०,००००० सम्म ऋण लगानी गरिएकोमा सो यथावत कायम गरिएको छ। यस संस्थाले ऋण लगानी गरेको किस्ता अवधि पनि धितोवालाको हकमा छोटो अवधिको ऋणमा ५ वर्षको म्याद भएकोमा यस वर्ष सञ्चालकको निर्णय अनुसार ७ वर्ष म्याद कायम गर्ने नीति, बिना धितोको हकमा डेढ वर्षबाट बढाएर दुई वर्ष भुक्तानी कार्यक्रम तथा अन्य कर्जाको ऋणमा यथावत राखिएको छ र लघु उद्यमी कर्जामा साना किसान विकास लघुवित्त वित्तिय संस्था लि. शाखा कार्यालय बुटवलसँग समन्वय गरी व्यक्तिगत रुपमा ५ वर्षे ५० लाखसम्मको ग्रामीण लघु उद्यम कर्जा  लगानी  गरेको व्यहोरा जानकारी गराउँदछु। यसैगरी मासुजन्य र दुधजन्य कर्जाको बैंक स्रोत ऋण सिमा १५ लाखबाट घटाएर ७ लाखसम्म पुऱ्याइएको छ । एकल महिला र फरक क्षमताको हकमा साविक ब्याजदरभन्दा १% कम गरी ऋण प्रवाह गरिएको छ। भने सामुहिक कृषिमा ग्रामीण लघु उद्यममा कार्य गर्न खोजेमा १ करोडसम्म लगानी गर्ने प्रावधान रहेको छ। यसै गरी यस साधारण सभाबाट भवन निर्माण उद्देश्य थप गरी आफ्ना शेयर सदस्यहरुलाई ऋण लगानी अन्य धितोवाला कर्जासरहको ब्याज, भुक्तानी अवधी राखी ऋण लगानी गरिनेछ।

## विना धितो ऋण सम्बन्धमा

यस संस्थाबाट विना धितोमा ऋण लगानी गर्दा समूहगत जमानीमा बचतको  आधारमा गरिने ऋणको सिमा  रू.३ लाखसम्म कायम गरिएकोमा उक्त लगानी रकम बढाएर रु.५ लाखसम्म पुऱ्याइएको छ। एकल सदस्यलाई बिना धितो ऋण नदिने प्रावधान यथावत् कायम गरिएको छ। साथै शेयर सदस्यको हक हित र आवश्यकतालाई ध्यानमा राखी शेयर र बचतको रकमलाई आधार मानि शेयर सदस्यको निवेदनका आधारमा ९० प्रतिशत ऋण स्वरुप प्रदान गरिएको कुरालाई यथावत गरिएको छ।

## पारदर्शिता सम्बन्धमा

यस साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहको गतिविधि र आर्थिक कारोबार दैनिक रूपमा सबैलाई जानकारी हुने गरी कार्यालयमा सूचना बोर्ड राखी दिनहुँ कारोबारको हिसाबको विवरण राखिने छ। थप पारदर्शिताको लागि रेडियो देवदह, देवदह साप्ताहिक पत्रिका  र  सेतोमसि अनलाईन जस्ता अनलाइन मिडियाहरुसँग समेत सहकार्य गरी कार्य गरेको जानकारी गराउँछु।

## शेयर सीमा सम्बन्धमा :-

यस संस्थामा आवद्ध शेयर सदस्यहरुको शेयर सिमा रु १,००,०००।- सम्म कायम रहेकोमा संचालक समितिको निर्णयानुसार शेयरको आधारमा सहकारी ऐनमा व्यवस्था भएअनुसार शेयर र वचतको अनुपान १:१० बचत जम्मा हुनुपर्ने नीतिअनुसार र अहिले कोभिड पछिको विद्यमान आर्थिक मन्दीका कारण शेयर सदस्यलाई असहज परिस्थिति सृजना भएकाले प्रतिव्यक्ति अधिकतम शेयर रकम रु २५०००।- कायम गरिएको छ। त्यसैगरी यस संस्थामा शेयर सदस्य प्रवेश गर्दाको उमेर ५० वर्ष कायम गरेकोमा यस आ.व देखि प्रवेश उमेरको हदम्याद ५९ वर्षसम्म कायम गरिएको छ भने शेयर हस्तान्तरणको हकमा ६५ वर्ष उमेर कायम गरेको छ।

**मलखाद सम्बन्धमा :-**

हालसम्म यस संस्थाले देवदह नगरपालिकाको परिपत्र अनुसार वडा नं ६ का लागि डिलरशिप लिई कृषि सामाग्री कम्पनी बाट मात्र मलखादको डिलरसिप लिई मलखाद विक्री वितरण गर्दै आइरहेकोमा शेयर सदस्यको हितलाई मध्यनजर गर्दै देवदह नगरपालिका बाट स्वीकृती लिई साल्ट ट्रेडिङ्गको डिलरशिप लिने समेत प्रक्रिया अघि बढाई सकिएको छ। २०८२ असार मसान्त सम्मको मलखाद विक्री वितरण गरिएको विवरण तलको तालिकाबाट हेर्न सकिन्छ।

| क्र.सं. | रासायनिक मल खरिद मिति | खरिद गरिएको मल | | |
|---|---|---|---|---|
| | | यूरिया | डि.ए.पी | पोटास |
| १ | २०८१/०४/०९ | ७५ | ७० | |
| २ | २०८१/०४/३१ | ७५ | - | |
| ३ | २०८१/०७/१२ | २१५ | १०० | |
| ४ | २०८१/०९/०८ | ८० | १५ | |
| ५ | २०८१/११/१३ | - | १५० | |
| ६ | २०८२/०२/०९ | - | ७३ | |
| ७ | २०८२/०३/०५ | १२२ | ७७ | |
| **जम्मा** | | **५६७ बोरा** | **४८५ बोरा** | |

**सम्मान सम्बन्धमा**

यस संस्थाबाट प्रत्येक साधारण सभामा संस्थाका शेयर सदस्यहरूलाई विभिन्न विधमा कामको उत्कृष्टताको आधारमा पुरस्कृत, ज्येष्ठ नागरिक सम्मान एवं पेन्सन, शेयर सदस्यका प्लस टु मा उत्कृष्ट अंक ल्याउने सामुदायिक, संस्थागत र प्राविधिक विद्यालयका एक/एक जना छात्र छात्रालाई प्रत्येक वर्ष सम्मान गरिने व्यहोरा यथावत कायम राखिएको छ।

**विभिन्न तालिम सम्बन्धमा**

यस साना किसान कृषि सहकारी संस्था लि. देवदहले आफ्ना शेयर सदस्यहरुलाई आवश्यकता अनुसार विभिन्न तालिमहरु पशुपालक कृषक, बङ्गुर पालक, बाख्रा पालक, तरकारी खेती, विभिन्न सिपमूलक, पोष्ट हार्भेष्ट, वित्तिय साक्षरता, सहकारी शिक्षा तथा अन्तरसमुह सुदृढिकरण तालिम, विषयगत अन्तरसहकारी अवलोकन तथा फर्महरुको आवासीय अवलोकन तालिम प्रदान गर्दै आएको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु।

**साना किसानहरूबाट उत्पादित कृषि सामग्रीहरूको बिक्री वितरण**

यस साना किसान कृषि सहकारी संस्था लि. देवदह, सिक्टहन शाखा, चरङ्गे सेवा केन्द्र र भलुही सेवा केन्द्रबाट (तरकारी वेर्ना, चामल, चियापति, दाना, तेल, अचार, आलु, रसायनिक मल र सदस्यहरु उत्पादित गरेको वस्तु आदि) शेयर सदस्यबाट उत्पादित कृषि सामग्रीको विक्री वितरणलाई व्यवस्थित गर्न हाल भर्खरै मात्र यस संस्थाको स्थापना दिवसको अवसरमा मिति २०८२ साल जेठ २२ गतेका दिन यस कार्यलाई निरन्तरता दिनको लागि शेयर सदस्यबाट उत्पादित **कृषि सामाग्री संकलन तथा बिक्री केन्द्र** को नामाकरण सहित विधिवत रुपमा उद्धघाटन गरी विक्री वितरण गर्दै आइरहेको जानकारी गराउदछौ साथै २०८२ असार मसान्तसम्मको विक्री विवरण निम्नानुसार रहेको छ।

## कृषि पसल संचालन विवरण

| क्र.सं. | विवरण | कुल रकम |
|---|---|---|
| १ | जम्मा सामाग्री खरिद | ३४०७६२ |
| २ | जम्मा विक्रीबाट आम्दानी | २९२१८० |
| ३ | स्टकमा रहेको | ६००३२ |
| ४ | नाफा | ११४५० |

## बजेट अनुसारको भावी कार्यक्रमहरूः

अब म यस संस्थाको आ.व. २०८२/०८३ को भावी योजना तथा कार्यक्रको बारेमा जानकारी गराउँन चाहन्छु। (रु. १००० मा)

| क.सं. | शिर्षकहरु | लक्ष्य |
|---|---|---|
| १ | समुह संख्या | १,०१४ |
| २ | सदस्य संख्या | ५,३०१ |
| ३ | शेयर पूँजी रकम | ४४,२२२ |
| ४ | ऋण लगानी लक्ष्य | ४,५५,००० |
| ५ | साँवा असुली लक्ष्य | ४,०६,८८८ |
| ६ | व्याज असुली लक्ष्य | ६४,१८० |
| ७ | निक्षेप | ४,०८,९३० |
| ८ | ल.र.र. | ५,४०,३०५ |
| ९ | भा.ना. साँवा | ० |
| १० | पा.प व्याज | ० |
| ११ | असुली दर | १०० |
| १२ | जम्मा आम्दानी लक्ष्य | ८७,१८० |
| १३ | जम्मा खर्च लक्ष्य | ६७,२३२ |
| १४ | जम्मा नाफा लक्ष्य | १९,९६८ |
| १५ | साना किसान विकास लघुवित्त वित्तिय संस्थाबाट लिने ऋण लक्ष्य | २,०५,००० |
| १६ | साना किसान विकास लघुवित्त वित्तिय संस्थालाई भुक्तानी गर्ने ऋण लक्ष्य | ११३०५१ |
| १७ | साना किसान विकास लघुवित्त वित्तिय संस्थालाई बुझाउने व्याजको लक्ष्य | ६९०८ |

## आ.व. २०८२/८३ का लागि तालिम तथा गोष्ठीको प्रक्षेपण

| क्र. सं. | तालिम/ गोष्ठिको नाम | संस्थाको दृष्टिकोणबाट प्रथमिकता क्रम | उद्देश्य | सहभागी संख्या | दिन | कार्यक्रम सञ्चालन हुने महिना |
|---|---|---|---|---|---|---|
| १ | सहकारी ऐन, नियमावली र सरकारी नीति सम्बन्धी तालिम | संचालक, लेखा, कर्मचारी र शेयर सदस्य | संस्थाको पारदर्शिता, सुशासन, दिगोपन र प्रभावकारी संचालनमा सहयोग | ७० | १ | भाद्र २०८२ |
| २ | कम्प्युटर तथा सफ्ट्वेयर तालिम | कर्मचारी | दैनिक कार्य सञ्चालनलाई सहज, छरितो र प्रभावकारी बनाउन आवश्यक डिजिटल सीप, सफ्टवेयर प्रयोग, कम्प्युटर र उपकरण सञ्चालन सम्बन्धी ज्ञान प्रदान गर्नु | ५ | ३ | प्रत्येक ४ महिनामा |
| ३ | बित्तिय साक्षरता | शेयर सदस्य | शेयर सदस्यहरूलाई आर्जन, खर्च, बचत, लगानी र ऋण व्यवस्थापन सम्बन्धी ज्ञान र सीप प्रदान | ४५०० | १ | प्रत्येक महिना |
| ४ | सहकारीकोपरिचय, संरचना, सिद्धान्त र मूल्यहरूबारे तालिम | | सदस्यहरूलाई सहकारी आन्दोलनको मूल मर्म, यसको लोकतान्त्रिक संरचना, सातवटा अन्तर्राष्ट्रिय सिद्धान्तहरू र साझा मूल्यहरूबारे स्पष्ट जानकारी प्रदान गर्नु हो, जसबाट उनीहरू सचेत, जिम्मेवार र सक्रिय सदस्यका रूपमा सहकारीको समुन्नत र पारदर्शी सञ्चालनमा योगदान गर्न सकुन्। | ७०० | २ | असोज २०८२ |
| ५ | व्यवसायिक योजना (Business Plan) तयार गर्ने तालिम | | सदस्यहरूलाई सहकारी व्यवस्थापन, उद्यमशीलता विकास, र आर्थिक योजनाको आधारभूत ज्ञान प्रदान , जसले गर्दा उनीहरू आफ्ना व्यवसायिक गतिविधिहरूलाई रणनीतिक ढंगले सञ्चालन गर्न सकून् । यो तालिमले सदस्यहरूलाई आर्थिक सशक्तीकरण, आत्मनिर्भरता, र दीगो विकासतर्फ उन्मुख गराउने उद्देश्य राख्दछ। | २०० | २ | जेठ २०८३ |
| ६ | कृषि तथा पशुपालनसम्बन्धी प्राविधिक तालिम | | पशुपालनको वैज्ञानिक तरिका, उचित आहार, बसोबास, रोग नियन्त्रण र उपचार सम्बन्धी ज्ञान दिई उत्पादनशीलता र आय आर्जन वृद्धि | २५०० | २ | कार्तिक २०८२ |
| ७ | अन्तर समुह सुदृढिकरण | अन्तर समुह तथा सदस्यहरु | समूहका सदस्यहरूबीच समन्वय, सहकार्य, अनुभव आदान-प्रदान तथा संस्थागत एकता र प्रभावशीलता वृद्धि | ३६० | १ | प्रत्येक महिना |
| ८ | स्वदेश तालिम अवलोकन भ्रमण | संचालक,लेखा ,कर्मचारी र शेयर सदस्य | सफल सहकारी अभ्यासको अध्ययन गरी ज्ञान, सीप र अनुभव बढाउनु | ७० | ३ | आवश्यकता अनुसार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | बिदेश तालिम | संचालक र कर्मचारी | अन्तर्राष्ट्रिय सहकारी अनुभव सिकेर संस्थाको क्षमता र कार्यदक्षता वृद्धि | १ | १० | आवश्यकता अनुसार |
| १० | उन्नत तरकारी खेती तथा व्यवसाय प्रवर्द्धन | शेयर सदस्य | आधुनिक प्रविधि प्रयोग गरी उत्पादन वृद्धि, गुणस्तर सुधार र तरकारी खेतीलाई व्यावसायिक बनाउँदै आम्दानी स्रोत विस्तार | ५०० | २ | कार्तिक २०८२ |

## आ.व. २०८२/०८३ सामाजिक तथा सामुदायिक विकास कार्यक्रमको प्रक्षेपण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | गरिने मुख्य क्रियाकलाप | कार्यक्रम सञ्चालन हुने महिना |
|---|---|---|---|---|
| १ | शिक्षा तथा चेतना अभिवृद्धि कार्यक्रम | | वित्तीय साक्षरता प्रशिक्षण | कार्तिक २०८२ |
| | | | सदस्यको अधिकार, कर्तव्य र उत्तरदायित्व सम्बन्धी तालिम | |
| | | | सहकारी लेखा प्रणाली र वित्तीय अनुशासन तालिम | |
| | | | सामूहिक निर्णय प्रक्रिया र नेतृत्व विकास तालिम | |
| | | | सहकारी ऋण प्रवाह, पुनःभुक्तानी र सुदृढिकरण तालिम | |
| | | | डिजिटल प्रविधि प्रयोगसम्बन्धी तालिम (मोबाइल बैंकिङ, MIS, आदि) | |
| | | | गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति, पुस्तक वितरण | |
| | | | निःशुल्क स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम, सरसफाइ अभियान | |
| २ | स्वास्थ्य तथा बातावरण सम्बन्धी कार्यक्रम | | जलवायु परिवर्तन तथा वातावरणीय सचेतना तालिम | फाल्गुण २०८२ |
| | | | कृषि तथा पशुपालन सम्बन्धी तालिम | |
| ३ | आयआर्जन तथा स्वरोजगार प्रवर्द्धन | | उत्पादन वृद्धि तथा आधुनिक कृषिसम्बन्धी तालिम | मंसिर २०८२ |
| | | | बजारिकरण र मूल्य श्रृंखलाबारे तालिम | |
| | | | स्व-रोजगार तथा उद्यमशीलता विकास तालिम | |
| | | | घरेलु तथा साना उद्योग प्रवर्द्धन | |

| | | | | |
|---|---|---|---|---|
| ४ | अन्य विभिन्न कार्यक्रमहरु | | बाढी, पहिरो, आगलागी लगायत प्राकृतिक विपद् पीडितलाई सहयोग | आवश्यकता अनुसार |
| | | | मृतक सदस्य परिवारलाई राहत | |
| | | | वृक्षरोपण अभियान | |
| | | | महिला समूह गठन तथा क्षमता विकास | |

१. **मासुजन्य तथा दुग्धजन्य कर्जा सम्बन्धमाः**

नेपाल सरकारद्वारा गरिवी न्यूनीकरण गर्नका लागि साना किसान विकास लघुवित्त संस्था लि. मार्फत् घरपरिवारमा कसैको जागिर नभई आम्दानीको स्रोत केही पनि नभएको लगनशील इमान्दार, सदस्यले मासुजन्य उत्पादनका लागि भेडा, बाख्रा र पाडापाडी, राँगा, भैँसी तथा बँगुर पालन व्यवसाय र गाई पालन व्यवसाय सञ्चालन गर्न चाहने सदस्यको लागि सम्बन्धित निकायबाट फर्म दर्ता गरी संस्थाबाट REF Loan मा सहुलियत व्याज दरमा रू. ५०,००,०००/- सम्म संस्थाको नियम अनुसार ऋण दिने व्यहोरा जानकारी गराउन चाहन्छु। किस्ता र मासिक ब्याँज समयमा बुझाई ऋणीले उद्देश्य अनुसारको व्यवसाय अनिवार्य रूपमा सञ्चालन गरेको हुनुपर्नेछ। साथै व्यवसायिक पशुपालन गर्ने शेयर सदस्यहरुलाई आवश्यक प्रक्रिया पुरा गरी अधिकतम ५०,००,००० सम्म REF Loan उपलब्ध गराइनेछ।

२. कार्यालय जनशक्ति व्यवस्थापनः कार्यालयको बढ्दै गएको कार्यभार र कार्यक्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी कार्य सम्पादन गर्नका लागि कार्यालयको आन्तरिक भौतिक संरचना सुधार कार्यलाई निरन्तरता दिंदै संस्थाको भवन अगाडि कोठा निर्माण गरी व्यवस्थापन गरिनेछ। यसका साथै आवश्यक जनशक्ति, फर्निचर, ए.सी., कार्यालय सामाग्री, कम्प्यूटर प्रिन्टर लगायतका अन्य उपकरणहरूको आवश्यकता अनुसार थप व्यवस्था गरिनेछ। साथै यस संस्थाको आवश्यकता अनुसार विभिन्न फाँटमा अधिकृत स्तरको कर्मचारी, वरिष्ठ सहायक स्तरको कर्मचारी, बजार प्रतिनिधि र सुरक्षा गार्डको दरवन्दी कायम गरी आवश्यकता अनुसारको पदपूर्ति गरिनेछ। कामको उत्कृष्टताको आधारमा संस्थामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्नका लागि सम्मान कार्यक्रमलाई यथावत राखिने छ। साथै कार्य सम्पादन मूल्याङ्कनको आधारमा संस्थामा भएका कर्मचारिहरुलाई आवश्यक प्रक्रिया पुऱ्याई पदोन्नति गरिने छ।

३. **संस्थाले सञ्चालनमा ल्याएको बचत तथा ऋणः**

बचतलाई मासिक रुपमा अनिवार्य गर्नका लागि र ऋण असुली प्रक्रिया सहज बनाउनको लागि आवश्यकता अनुसार दैनिकी बचत संकलनसहित प्रत्येक वडामा नयाँ सेवा केन्द्र विस्तार गरिने छ। साथै अन्तर समूह स्तरीय सहकारी तालिम सञ्चालन गरिने छ।

४. संस्थाका कार्यसम्पादनलाई नियमित एवं सुव्यवस्थित गर्न गठित सबै उपसमितिलाई थप सक्रिय एवं प्रभावकारी बनाउने गरी सवै उपसमितिहरूलाई आफूले गर्ने कार्यसम्पादनको लक्ष्य निर्धारण गरिने रणनीति अबलम्वन गरिनेछ।

५. संस्थामा आवद्ध अन्तरसमूहमा उत्कृष्ट कार्य गर्ने अध्यक्ष, उपाध्यक्ष र सचिवलाई प्रत्येक वर्ष प्रशंसा पत्रले सम्मान गरिने छ।

६. नयाँ नयाँ प्रविधिको उपयोगलाई संस्था भित्र सञ्चालनमा ल्याएको QR बैंकिङ सेवा सञ्चालनमा आएको र मोबाइल रिचार्ज, SMS बैंकिङ सेवा, टेलिफोन IME, खानेपानी तथा ADSL बिल भुक्तानी, लगायतका आधुनिक सेवालाई परिष्कृत गर्दै निरन्तर रूपमा सञ्चालन स्वीकृत पश्चात मात्र कार्य प्रारम्भ गरिनेछ।

७. संस्थामा उपलब्ध जनशक्तिलाई अझ बढी व्यावसायिक बनाउँदै व्यावसायिक संलग्नताको विकास गर्दै लगिनेछ। जसका लागि रणनीतिक योजना अनुसार तालिमको व्यवस्था गरिनेछ।

८. साना किसान विकास लघुवित्त वित्तिय संस्था लि. को सहयोग, राष्ट्रिय सहकारी महासंघ, नेपाल कृषि केन्द्रिय संघ प्रदेश स्तरीय सहकारी संघ, जिल्ला कृषि संघ, राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघ, नियमनकारी निकाय तथा माथिल्ला संघहरूको सहकार्य एवं साझेदारीमा जिल्ला तथा स्थानीय सरकार र प्रदेश सरकारसँग समेत सहकार्य र साझे दारी गरी गोष्ठी तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१०. सहकारीमा युवा सदस्यको सहभागितालाई बृद्धि गर्ने तथा व्यावसायिकता विकासमा प्रेरणा जगाउने उद्देश्यका साथ युवाहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ।

११. बैंक, वित्तिय संस्थाद्वारा आयोजित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिम गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागिता जनाईने छ।

१२. पशुपालन र कृषि व्यावसाय अङ्गालेका कृषकहरूलाई स्मार्ट किसान बनाउनका लागि स्तरीय तालिम र आर्थिक सहयोगको समेत व्यवस्था गरिनेछ। साथै व्यावसायिक किसानलाई ग्रिन कार्ड प्रदान गरिनेछ।

१३. **नीति नियम सम्बन्धमा :**
यस संस्थाबाट निर्मित कार्यविधि पास गर्न, आवश्यक पर्ने नीति नियम कार्यविधि निर्माण तथा बनेका कार्यविधिहरु संशोधन गर्नका लागि आजको यस साधारण सभाबाट सञ्चालक समितिलाई अख्तियार प्रदान गरिदिनुहुनका लागि यो प्रस्ताव पेश गर्दछु।

१४. कृषिमा आधुनिकिकरण गर्नका लागि कृषि औजार तथा माटो परिक्षण गर्ने तालिम सञ्चालन गरिनेछ।

१५. सामुहिक कृषि कार्यलाई प्रोत्साहित गर्नका लागि कृषि कार्यमा सस्तो ब्याजदरमा ऋण लगानी गरिनेछ।

१६. संस्था एकिकरण सम्बन्धमा :
नेपाल सरकार तथा प्रदेशको ऐन नियम अनुसार यस संस्थाको कार्यक्षेत्र भित्रका सहकारीहरु यस संस्थासँग एकीकरण हुन आएमा सो सम्बन्धी प्रकृया संचालन गर्न संचालक समितिलाई अधिकार दिनुहुनको लागि यो प्रस्ताव पेश गर्दछु।

१७. **सवारी साधन खरिद सम्बन्धमा :**
संस्थाको व्यवसाय प्रबर्द्धन कारोवार बृद्धि र क्षेत्र विस्तारको अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार सवारी साधनको खरिद गर्ने योजना तर्जुमा गर्ने लक्ष्य लिइएको छ।

१८. साना किसान विकास लघुवित्तसँग सहकार्य गर्दै पशुबिमा कार्यक्रमलाई अझ प्रभावकारी बनाइनेछ।

१९. संस्थाको सम्पूर्ण सदस्यहरुको सदस्य पहिचान फारम अत्यावधिक गराइने लक्ष्य लिइएको छ।

२०. कर्मचारीलाई संस्था संचालन गर्दा काम र मुल्याङ्कनको आधारमा प्रशंशा पत्र सहित सम्मान गरिनेछ।

२१. संस्थाले संचालन गरेको सामाजिक सुरक्षा कोषमा धेरै सदस्यहरु प्रवेश गरिसक्नु भएको र प्रवेश गर्न बाँकी रहनुभएका सदस्यहरु पनि उक्त कार्यक्रममा छिटो भन्दा छिटो समावेश गर्ने तर्फ ध्यान दिइनेछ। यस संस्थामा आवद्ध शेयर सदस्यहरुको संस्थाले आफै दुर्घटना क्षतिपूर्ति कोषमा रकम राखी रु. एक लाखसम्मको दुर्घटनाबाट मृत्यु भएका शेयर सदस्यहरुलाई संस्था आफै उक्त रकम प्रदान गर्दै आएको छ र यसलाई पुनः निरन्तरता दिइने छ। भने अब बन्ने नया शेयर सदस्यहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य रुपमा जम्मा गर्नुपर्ने रकम रु. ५,०००।- बाट घटाएर न्यूनतम रु. १,०००।- अधिकतम रु. ५,०००।- कायम गरी यस कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२. यस संस्थाले ७० वर्षभन्दा माथिका शेयर सदस्यहरुलाई जेष्ठ नागरिक सम्मान र ७५ वर्ष उमेरभन्दा माथिका शेयर

सदस्यहरुलाई स्वईच्छाले शेयर सदस्यबाट निस्कन चाहेमा सम्मानपूर्वक उक्त कार्य गरिने छ।

२३. यस संस्थाको कार्य क्षेत्र देवदह नगरपालिका भएकोले समूहगत सदस्य वृद्धिका लागि यस नगरपालिकामा बसोबास गर्ने सबैलाई समेट्ने गरी समूह सदस्य विस्तार गर्ने लक्ष्य लिएको छ।

२४. संस्थामा भएका टुटेफुटेका तथा बिग्रिएका कबाडजन्य सामानहरु लिलाम बिक्री व्यवस्थापन गरिने छ।

२५. यस संस्थाले आ.व.२०८२/०८३ मा यस संस्थाका शेयर सदस्यहरुलाई लक्षित र संस्थागत सुरक्षालाई मध्यनजर गर्दै निम्नानुसारको बिमा योजना ल्याइएको छ।

क) पशुबिमा

ख) भल्ट बिमा

ग) काउन्टर बिमा

घ) ट्रान्जेक्शन बिमा

ङ) भवन बिमा

२६. तालिम गोष्ठी अवलोकन भ्रमण सम्बन्धी खर्च सहकारी शिक्षा कोषबाट खर्च व्यवस्था गरिने छ।

२७. संस्थाबाट निर्मित कार्यविधिहरु संस्थाको आवश्यकता अनुसार परिमार्जनसहित कार्यान्वयन गरिने छ।

२८. संस्था स्थापना दिवससँगै विभिन्न सामाजिक योगदानमा आधारित क्रियाकलापहरु सञ्चालन गरिने छ।

२९. संस्थाले यस आ.व. **कृषि सामाग्री संकलन तथा बिक्री केन्द्र** (पसल) संचालनमा ल्याईसकेको हुँदा यसलाई आवश्यक पूर्वाधार बनाउनको लागि पेश गर्दछु ।

३०. संस्थाले शेयर सदस्यहरुलाई सुत्केरी पोषण स्याहार गरिने छ।

३१. **बिमा योजना सम्बन्धमा :**

संस्थाका शेयर सदस्यहरुको विभिन्न समयमा विभिन्न किसिमका जोखिमबाट ठुलो क्षति पुग्दै आएकोमा सदस्यको जीवन तथा निजको नाउँमा रहेको हाललाई रु. ३ लाखदेखि १५ लाखसम्मको ऋणलाई बिमामा आवद्ध हुने गरी शेयर सदस्यहरुको सुरक्षाको लागि म्यादी जीवन बिमा कार्यक्रम अगाडि बढाइएको छ। हालसम्म उक्त कार्यक्रममा १४० जना मात्र सहभागी भएकोले सबै शेयर सदस्यहरुलाई उक्त कार्यक्रममा सहभागी गर्नुहुनका लागि अनुरोध गर्दै कार्यक्रम अगाडि बढाइनेछ।

| | | |
|---|---|---|
| बिमाको प्रकार | : | म्यादी बिमा |
| न्यूनतम प्रवेश उमेर | : | १८ वर्ष |
| अधिकतम प्रवेश उमेर | : | ५९ |
| अधिकतम बिमा समाप्ती उमेर | : | ६० |
| **वार्षिक बिमाशुल्क (प्रति लाख)** | : | **रु. २४०/** |

**मृत्यु लाभ** : जुनसुकै कारण प्राकृतिक वा दुर्घटनाबाट बीमीतको मुत्य भएमा बिमाङ्क बराबर रकम प्रदान गरिने छ।

**बिमाङ्क रकम**

प्रत्येक सदस्यहरुको रु. ३००,०००|- (अक्षरेपी रु. तीन लाख)। गर्नको लागि निम्नानुसार रकम एकमुष्ठमा जम्मा गर्नुपर्ने छ।

**बचत खातामा राख्नु पर्ने मौज्दात र खाताबाट कट्टा हुने वार्षिक बिमा शुल्क विवरण**

| क्र.सं. | विवरण |
|---|---|
| १ | बिमाङ्क रकम ३,००,०००।- |
| २ | वार्षिक ब्याजदर : ८ % |
| ३ | प्रतिलाख प्रिमियम दर २४०।- |
| ४ | वार्षिक प्रिमियम रकम ७२०।- |
| ५ | राख्नु पर्ने बचत मौज्दात : १००००।- |
| ६ | अधिकतम बीमाङ्क रकम रु १५,००,०००/- |

बिमाको बारेमा पहल गरी सम्बन्धित बिमा कम्पनीसँग सम्झौता गरी यसको कार्यबिधी बनाई तयार गरी हालसम्म १४४ जना आवद्ध भैसकेकाले बाँकी सबैलाई यसमा आवद्धता हुनका निम्ति प्रस्ताव पेश गरेका छौं।

३२. **धितो लिलामी गरी ऋण असुल उपर गर्न अख्तियारी दिने सम्बन्धमा :**

यस संस्थाबाट ऋण कारोबार गरी लामो समयसम्म भाखा नाघेको ऋण नबुझाउने शेयर सदस्यलाई संस्थाबाट पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा पनि अटेर गरी सम्पर्कमा नआउने, अटेरी ऋणी सदस्यका कारण संस्थाको प्रगतिमा कमि आएको र यस्ता सदस्यका कारण समूहका अन्य सदस्यलाई समेत असर परेको हुँदा भाखा नघाउने ऋणीहरूको धितो लिलामी प्रक्रियाको लागि संस्थाका सञ्चालक समितिलाई अख्तियारी दिनुहुन प्रस्ताव पेश गर्दछु।

सहकारी गरिबी निवारण र आर्थिक विकासमा उल्लेखनीय भूमिका खेल्न सक्ने गरी गतिलो माध्यम भएपनि राज्यको यस प्रतिको हेराई सकारात्मक हुन नसकेकोले गुणात्मक विकास हुन सकिरहेको छैन। देश विकासको ३ खम्बे अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको एक खम्बा सहकारीलाई दरिलो र भरिलो बनाउँदै स्वाधीन अर्थतन्त्र निर्माण गरी समुदायमा आधारित सहकारीहरूलाई व्यवस्थित गर्दै स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारले स्पष्ट ऐन नियम र न्यून प्रतिशत ऋण सहकारीको माध्यमबाट प्रदान गरेमा गरिबी निवारण र आर्थिक विकासमा उल्लखेनीय भूमिका खेल्न सकिनेछ।

संस्थाले सदस्यहरूको दीगो विकास, समुदायको हित, अभिवृद्धि र संस्थागत विकासका लागि अल्पकालीन र दीर्घकालीन रूपमा लिएका लक्ष्यहरू पुरा गर्नका लागि सम्पूर्ण शेयर सदस्य एवं सवै पक्षसँग अनुरोध गर्दछौं। हामीले अहिलेसम्म हाम्रो संस्थामा भएका सम्पूर्ण क्रियाकलापहरू तथा कार्य प्रगति र संस्थाको भावी योजना एवं रणनीतिहरूलाई यो प्रतिवेदनमा समेट्ने प्रयास गरेका छौं। आ. व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण र आ. व. २०८२/०८३ को भावी योजना नीतिहरू माथि स्वस्थ्य छलफल गरी रचनात्मक सुझाबको लागि विशेष अनुरोध गर्न चाहन्छु।

अन्त्यमा, आज संस्थाको २६ औं वार्षिक साधारण सभाको पावन अवसरमा हाम्रो निमन्त्रणलाई हार्दिकतापूर्वक स्वीकार गरी कार्यक्रममा पाल्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, प्रशिक्षकज्यू, सम्पूर्ण अतिथिज्यूहरू र शेयर सदस्यहरु तथा सञ्चालक एवं लेखा समितिका साथीहरू, पत्रकार, कर्मचारी लगायत उपस्थित सबैमा आभार प्रकट गर्दै सम्पूर्णमा धन्यवाद सहित बिदा हुन चाहन्छु।

धन्यवाद! नमस्कार!! जय सहकारी

सञ्चालक समितिको तर्फबाट
**टीका न्यौपाने**
अध्यक्ष

# साना किसान कृषि सहकारी संस्था लिमिटेड

देवदह, रूपन्देही



## छब्बीसौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन-२०८२

साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहको २६ औं वार्षिक साधारण सभा तथा रजत महोत्सवका आदरणीय अध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू, यस संस्थाको २६ औं वार्षिक साधारण सभालाई सफल पार्न अहोरात्र खट्नुहुने सञ्चालक समिति लगायत विभिन्न उपसमितिका संयोजक एवं पदाधिकारीज्यूहरु, अन्तर समूहका अध्यक्ष एवं पदाधिकारीज्यूहरु, पत्रकार मित्रहरु यस संस्थाका कर्मचारीज्यूहरु साथै यस साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहको गरिमामय २६ औं वार्षिक साधारण सभा सफल पार्नुहुने सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा लेखा समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्न चाहन्छौं।

साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदह सहकारी ऐन २०७४, नियमावली, संस्थाको विनियम, आन्तरिक नीति र कार्यविधीको परिधि भित्र रहेर संचालक समितिले गरेका निर्णयहरु र तिनीहरुको कार्यान्वयनका क्रममा गरिएका दैनिक वित्तिय कारोबार, अभिलेख प्रक्रिया, स्वीकृत बजेट अनुसार भएका खर्चहरुमा मितव्ययिता अपनाउनुका साथै यस संस्थालाई उत्कृष्ट सहकारी संस्थालाई उत्कृष्ट सहकारी संस्था निर्माण गरी स्थापित गराउने चुनौती समेत रहेकाले संचालक समिति तथा व्यवस्थापन पक्षबाट संस्थालाई नीति, विधि र प्रविधिद्वारा संचालन गरी उपलब्ध जनशक्तिको उचित परिचालन गरी अधिकतम उपलब्धी हासिल गर्नेतर्फ ध्यान केन्द्रीत हुदाँहुदैं मन्दी तथा राज्यले लिएका आर्थिक नीतिका कारणबाट पनि संस्थाका गतिविधीहरु प्रभावित हुन पुग्यो। संस्थाले लगानी लक्ष्य अनुरुप उपलब्धी हासिल गर्न सकेन फलस्वरुप बचत र शेयर रकम प्रक्षेपण गरे बमोजिम वृद्धि हुन सकेन र अपेक्षित नाफाको प्रगति पुरा हुन सकेन।

यस अवधिमा हामीले आन्तरिक लेखा परीक्षण एवम् संस्थासँग सम्बन्धित क्रियाकलापका बारेमा अध्ययन गर्दा संस्थाका संचालक समितिका पदाधिकारीहरु र समस्त कर्मचारीहरुबाट संस्थाको हित प्रतिकुल हुनेगरी कुनै काम नगरेको यथार्थ सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारी गराउदछौ। संस्थामा निरन्तर सुपरिवेक्षण तथा अनुगमन आवश्यक परिरहने हुदाँ गरिमामय सभाले सुम्पिएको जिम्मेवारी अनुसार आन्तरिक लेखा परिक्षणको कार्य गरिरहेको व्यहोरा अनुरोध छ।
हामीले लेखा सुपरिवेक्षण तथा अनुगमन गर्दा सहकारी ऐनसँग सम्बन्धित रही सम्पन्न गरेका कामहरु बुँदागत रुपमा पेश गर्न चाहन्छौ।

संस्थाको नाम : साना किसान कृषि सहकारी संस्था लिमिटेड
देवदह-६, खैरेनी, रूपन्देही, फोन : ०७१-५७७२९१
gmail: sanakisan.dev@gmail.com

१. **अघिल्लो साधारण सभाका निर्णयहरूको कार्यान्वयनको अवस्था :-**

संस्थाले २५ औं साधारण सभाले निर्दिष्ट गरेको नीतिको अधिनमा रही कार्य गरेको पाइयो ।

२. **आ.व. २०८१/०८२ मा सञ्चालक समिति, लेखा समिति र अन्य उपसमितिको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था:-**

आ.व. २०८१/०८२ मा बसेको संचालक समिति लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिको बैठक निम्नानुसार बसेको जानकारी गराउँदछौ ।

**संस्थाको समग्र विवरण**

| क्र.सं. | विवरण | बैठक सङ्ख्या |
|---|---|---|
| १ | संचालक समिति | १९ |
| २ | लेखा सुपरिवेक्षण समिति | ११ |
| ३ | कर्मचारी | १५ |
| ४ | अन्तरसमुह | १२ |
| ५ | ऋण असुली उप- समिति | ७ |
| | ऋण लगानी उप- समिति | ३७ |
| ६ | धितो मुल्याङ्कन उप- समिति | २१ |
| ७ | विभिन्न उप- समिति | १५ |
| ८ | अन्तरसमुह ऋण कमिटि | ४८ |
| ९ | ऋण लगानी दर्ता | ७२ |
| | कोपोमिस इन्ट्री शेयर सदस्य संख्या | ३८७० |

३. **ऋण लगानी प्रक्रिया ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :-** संस्थाले विना धितो रू. ३,००,०००।- सम्म सामूहिक दायित्वको आधारमा लगानी गर्दै आएकोमा हाल सो रकमलाई बढाएर रू. ५,००,०००/- सम्म र शेयर बचतको व्यक्तिगत निवेदनको आधारमा ९०% ऋण लगानी गरेको छ र सो भन्दा माथि ठाडो रोक्का गरी रू. ५ लाखसम्म र सो भन्दा बढी रु. २० लाखसम्म दृष्टि बन्धक गरी धितो लिई मालपोत कार्यालयबाट रोक्का गराई ऋण लगानी गरेको देखिन्छ भने उक्त ऋण लगानीलाई वृद्धि गरी संस्थाको आन्तरिक श्रोतबाट ५० लाखसम्म लगानी गरेको देखिन्छ। साथै संस्थामा विस्तार हुँदै गईरहेको ऋण लगानीको क्षेत्रलाई सुरक्षित एवम् प्रभावकारी बनाउदै ऋण लगानी तथा असुलीलाई प्रभावकारी ढंगले कार्यान्वयन गरको पाईयो ।

४. **ऋण असुलीको अवस्था** : संस्थाको असल ऋण जम्मा ल.र.र. को ४६,६२,२५,२९०।-, शंकास्पद ऋण १२,७३,० ९९८।- रहेको छ भने खराब ऋण १,०१,५२,७३१।- रहेको छ। मापनको हिसाबले आ.व २०८१/०८२ को अन्त्यसम्ममा असुलीको अवस्था हेर्दा अढिट रिर्पोट अनुसार भाखा नाघेको ऋण जम्मा ४.६७% रहको देखिन्छ।

५. **यस संस्थाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि**. शाखा कार्यालय बुटवलसँग समन्वय गरी संस्थाका कृषक पशुपालक शेयर सदस्यहरुलाई ग्रामीण लघुउद्यम कर्जा ८% ब्याजदरमा सेवा शुल्क नलिई रु. ५० लाखसम्म साधारण सभाको निर्णय अनुसार लगानी गर्दै आएको छ।

६. **सहकारी विभागबाट जारी मापदण्डको पालना**ः सहकारीबाट प्राप्त जारी मापदण्डको आधारमा सबै कार्यहरू भएको पाइयो । संस्थाले असुली भएको रकम दैनिक रूपमा बैंक जम्मा गर्ने गरेको पाइयो ।

७. **पदाधिकारीको पारिश्रमिक भत्ता र अन्य सुविधाहरूको विवरण :–**

**५.१ पारिश्रमिक** – छैन

**५.२ भत्ता**

क. संचालक तथा लेखा समितिको प्रतिबैठक : रु. १,२००।-

ख. उपसमिति (पशुबिमा, धितो मुल्यांकन र ऋण असुली उपसमिति) को प्रतिबैठक : रु. ७००।-

ग. ऋण लगानी उपसमिति : सुविधा नलिएको

**५.३ अन्य सुविधा** :– छैन

अध्यक्षले दैनिक कार्य अनुगमन निरीक्षण तथा खाता सञ्चालन गर्नुपर्ने र उपाध्यक्षद्वारा ऋण लगानी सम्बन्धी कार्यक्रम संचालन गर्नु परेको हुँदा साथै समितिलाई प्रति बैठकमा करसहित रु. १२००।- खाजा खर्च उपलब्ध गराईएको छ। अन्य उप समतिको खाजा खर्च यथावत रु. ७००।- नै कायम गरिएको छ । सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्था अध्यक्षलाई मासिक खाजा खर्च रकम रु. १८,०००।- र उपाध्यक्षलाई मासिक खाजा खर्च रु. १०,०००।- शाखा संयोजक मासिक खाजा खर्च रकम रु. ८,०००।- कायम गरिएको छ। संस्थाबाट अध्यक्ष, प्रबन्धक र सह प्रबन्धकलाई सञ्चार खर्च उपलब्ध गराएको छ।

८. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :–**

८.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन नियमावली भए/नभएको :- भएको

८.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :- प्रयोगमा ल्याइएको

८.३ कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भए/नभएको :- भएको

८.४ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धि विवरणः- व्यवस्थापन प्रमुखको योग्यता MBS र MEd का साथै संस्थाबाट उपलब्ध गराएको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम प्राप्त भई वित्तीय व्यवस्थापन सक्षमता भएको देखिन्छ। संस्थाले आफ्ना शेयर सदस्यहरुलाई अझ बढी सेवा र सुविधा प्रदान गर्न संस्थालाई समय अनुसार आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै सि.सि. क्यामरा, कम्प्युटर, फोटोकपी, टेलिफोन, इन्टरनेट, भवन तथा आवश्यक फर्निचरको व्यवस्था गरी कार्यालयको दैनिक कामलाई चुस्त दुरुस्त र पारदर्शी बनाउन कम्प्युटरमा सफ्टवेयर प्रयोग गरी सञ्चालन गरिएको छ।

८.५ **कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्याः–**

संस्थालाई कर्मचारी आवश्यक हुँदा स्थानिय पत्रपत्रिकामा विज्ञापन गराई पदपूर्ति समितिले तोकेको एकजना विषय विशेषज्ञ सहितको पदपूर्ति उपसमितिले लिखित, मौखिक, प्रयोगात्मक परीक्षा लिने र एक वर्ष परीक्षण काल राखेर काममा लगाएको र परीक्षण कालपश्चात कर्मचारीहरूलाई स्थायी नियुक्ति दिइएको पाईयो।

| क्र.सं. | नाम | पद | तह | स्थायी / अस्थायी |
|---|---|---|---|---|
| १ | सरला सुबेदी | मुख्य प्रबन्धक | आठौं | स्थायी |
| २ | राम बहादुर थापा | सह.प्रबन्धक | पाँचौ | स्थायी |
| ३ | विष्णु प्रसाद काफ्ले | वरिष्ठ सहायक | चौथो | स्थायी |
| ४ | सरिता भट्टराई | कार्यालय सहायक | चौथो | स्थायी |
| ५ | भगवती बस्याल | कार्यालय सहायक | चौथो | स्थायी |
| ६ | मिलन पाण्डेय | कार्यालय सहायक | चौथो | स्थायी |
| ७ | मनोज पौडेल | कार्यालय सहायक | चौथो | स्थायी |
| ८ | खेमराज रिजाल | कर्मचारी | (यस वर्ष राजिनामा) | - |
| ९ | विष्णुमाया लम्साल | कार्यालय सहयोगी | श्रेणी विहिन | स्थायी |
| १० | सरिता थापा | प्रशिक्षार्थी | | |
| ११ | मोनिका कुमारी थापा | प्रशिक्षार्थी | | |
| १२ | सिता काफ्ले | प्रशिक्षार्थी | | |
| १३ | सुबिच्छा खनाल | प्रशिक्षार्थी | | |

हाल व्यवस्थापन तहमा जम्मा ७ जना कर्मचारी कार्यरत भएको पाइयो। (मुख्य कार्यालय, शाखा कार्यालय सेवा केन्द्र)

८.६ यस संस्थाबाट ऋणमा ईन्जिनियर, भ्यालुयटरबाट मूल्याङ्कन गराई ऋण लगानी गरिएको छ।

९. **लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**
आन्तरिक लेखा परीक्षणका क्रममा देखिएका टिप्पणीहरू सञ्चालक समितिले कार्यान्वयन गरेको पाइयो।

१०. **सम्पती सामानको अवस्था :**
सम्पत्ती सामानहरु उचित प्रयोग भए वा नभएको व्यवस्थित अभिलेख राखी छुटफुट भएका सम्पत्ती सामानहरुको चेक जाँच गरी प्रतिवेदन तयार गरी गराईखेर जाने सामानहरुको संचालक समितिको निर्णय गरी त्यस्ता खेर गएका सामानहरुको उपलेखन गर्नुपर्ने देखिएको छ।

११. शेयर सदस्य संख्याको अनुपातमा बचतमा सक्रिय सहभागी हुन सुझाव छ। साथै ऋण लगानीमा पनी सक्रिय हुन सुझाव छ।

**संस्थाका सकारात्मक पक्षहरू:**

१. पल्सका सुचाङ्कहरु सन्तोषजनक हुनु।
२. हिसाव कम्प्यूटर सफ्टवेयरमा राखिने हुँदा पारदर्शी र स्पष्ट हुनु।
३. संस्थामा सबै निर्णयहरु सर्वसम्मत हुनु।
४. संचालक समितिको निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ।
५. संस्थाले क्यु आर कोड सेवालाई प्राथमिकता राखी प्रविधि बढाएको छ।
६. मासिक रुपमा संस्थाको नियमित बैठकमा मासिक प्रगतिको बारेमा समिक्षा भई आगामी कार्यको योजना बनाउने गरिएको छ।

७. मुख्य कार्यालय लगायत एक वटा शाखा र दुई वटा सेवा केन्द्रबाट सेवा प्रदान गरिरहेको छ।
८. शेयर सदस्यको दुर्घटना भई मृत्यु भएमा संस्था स्वयम आफैले प्रति व्यक्ति रु. एक लाख संस्थाको दुर्घटना कोषबाट राहत एवम् सामाजिक सुरक्षा कोष र मरणोपरान्त राहत कोष दिने व्यवस्था गरेको छ।
९. शेयर सदस्यलाई ऐनले तोके बमोजिम अधिकतम शेयर लाभांश वितरण गर्न सक्षम रहेको छ।
१०. शेयर सदस्यहरुलाई संरक्षित पूँजी कोषको रकमबाट निजहरुको खातामा रकम राख्न सक्षम हुनु
११. संस्थाका शेयर सदस्यहरुको विभिन्न समयमा विभिन्न किसिमका जोखिमबाट ठुलो क्षति पुग्दै आएकोमा सदस्यको जीवन तथा निजको नाउँमा रहेको हाललाई रु. १५ लाखसम्मको ऋण बिमाको कार्यक्रम सुचारु गरेको छ।
१२. कर्मचारीको नियमित बैठक तथा कार्य विभाजन।
१३. ऋण असुली समितिको नियमित बैठक तथा सक्रियता।
१४. अन्तर समूहका नियमित बैठक तथा सक्रियता।
१५. प्रत्येक संस्थागत कार्यक्रममा शेयर सदस्यहरुको सक्रिय सहभागिता।
१६. विभिन्न सहयोगी निकाय र संस्थागत सुमधुर सम्बन्ध।

**लेखा समितिका सुझावहरु :**

१. संस्थामा केही साँवाको भाखा नाघि पाउनु पर्ने ब्याजले संस्था वृद्धिमा असर परेको देखिन्छ। उक्त ऋण असुलीका निम्ती कानुनी प्रकृया अगाडि बढाउनु हुन सुझाव छ।
२. संस्थाले प्रविधिको प्रयोग गरी क्यू आर कोर्ड मोबाइल बैंकिङको सेवा प्रदान गरेतापनि शेयर सदस्यमा यसको प्रयोग अति कम भएकाले वित्तिय साक्षरता, प्रविधि साक्षरता तालिम दिनुहुन सुझाव छ।
३. सदस्य पहिचानलाई नियमित रुपमा अद्यावधिक गर्नुहुन सुझाव छ।
४. सदस्यले उत्पादन गरेका वस्तुहरुको बजारीकरणको तथा प्रचारप्रसारको व्यवस्था मिलाउन सुझाव छ।
५. सदस्यता यस संस्थाको विनियममा व्यवस्था भए अनुसार नै देवदह नगरपालिका भरी विस्तार गर्नुहुन संस्थालाई सुझाव छ।
६. सबै शेयर सदस्यहरुलाई आफ्नै संस्थाबाट आर्थिक कारोबार (बचत/ऋण) गर्न प्रोत्साहन गर्न सुझाव छ।
७. यस संस्थाका सबै शेयर सदस्यहरुले सामाजिक सुरक्षाकोष र म्यादी जीवन बिमा जम्मा नगरेकोले संस्थाबाट पहल गरी अनिवार्य गराउने सुझाव छ।
८. संस्थाको पाउनुपर्ने हिसाबहरु समयमा नै व्यवस्थापन गर्नुहुन सुझाव छ।
९. संस्थाबाट लगानी भएका ऋणीलाई व्यवसायिक कार्यमा प्रयोग गर्नका लागि उत्प्रेरित गर्नुपर्ने देखिन्छ।
१०. संस्थालाई थप व्यवस्थित गराउनका लागि सञ्चालक समिति, लेखा समिति, कर्मचारीहरु एवं शेयर सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्न आवश्यक छ।
११. कारोबार ठूलो भएकोले नगदको लागि भल्ट, भवन, ऋण, कारोबार र काउन्टरको व्यवस्था बिमा गर्नुपर्ने सुझाव छ।
१२. संस्थाले नयाँ शेयर सदस्य वृद्धि गर्ने देखिन्छ। सदस्य वृद्धि गर्दा सहकारी शिक्षाद्वारा संस्थाको बारेमा पूर्ण जानकारी गराई सदस्य विस्तार गर्नुपर्ने र बचत नियमित नगरेका सदस्यहरुलाई नियमित गराउन प्रत्येक अन्तर समूहमा सबै सदस्य भेला गरी सहकारी शिक्षा तथा अन्तरक्रिया गर्नुपर्ने देखिन्छ।

१३. सदस्यको नियमित कारोवारको सहजताका लागि भुक्तानी पूर्जाको व्यवस्था गर्नुहुन सुझाव छ।

१४. संस्थाको निक्षेपको व्याजदर त्रैमासिक रुपमा वित्तीय बजार अनुगमन गरी व्याजदर कायम गर्नुहुन सुझाव छ।

१५. कर्मचारी संचयकोष उपदान लगायतका दायित्व वहन यथासम्भव भुक्तानी व्यवस्था गरी सामाजिक सुरक्षा कोष मार्फत संचालन गर्नुहुन सुझाव छ।

१६. संस्थालाई अझ प्रभावकारी ढङ्गबाट बृहत्तोर विकासका निम्ती उच्च तह (अधिकृत स्तर) तथा आवश्यकताका आधारमा कर्मचारी  थप गर्नुहुन सुझाव छ।

१७. एकाघर भन्दा बाहिरको धितो राखी ऋण प्रवाह नगर्नुहुन सुझाव छ।

यस सहकारी संस्थाको सहकारी ऐन २०७४ संस्थाको नीति नियमलाई अँगाल्दै संस्थाका संचालक समितिले गरेको निर्णय अनुसार कर्मचारीले गरेका विभिन्न कार्यहरू संस्थाको दैनिक वित्तिय कारोवारको अभिलेख प्रकृया, स्वीकृत बजेट अनुसार भएका खर्चहरू, सदस्यहरूले पाएको सेवाको सन्तुष्टि आदिको अवलोकन जाँचबुझ र निरिक्षणबाट प्राप्त विवरण कैफियतहरूका बारेमा प्रत्येक महिना बैठक बसी प्रत्येक महिनामा संचालक समितिलाई सुझाव दिने कार्य गर्दै आएको व्यहोरा यहाँहरू सम्पूर्णलाई जानकारी गराउँदछौं।

आ.व. २०८२/०८३ को कार्ययोजना र बजेट तर्जुमा गरिएको छ। गत वर्षमा हासिल गर्न नसकेका आर्थिक उपलब्धिहरू यस वर्ष प्राप्तिका लागि हर सम्भव प्रयास गरिनेछ।

अन्त्यमा यस संस्थाको २६ औँ वार्षिक साधारण सभाको अवसरमा विभिन्न तह र तप्काबाट प्राप्त सद्भाव र सहयोगका लागि हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा संस्था सक्षम र दिगो विकास गर्नका लागि यस संस्थामा कारोबार गर्ने सम्पूर्ण सदस्यहरुबाट संस्थाप्रतिको आफ्नो जिम्मेवारीको मनन गरी संस्थाप्रति थप जवाफदेही भएमा संस्था दिगो रुपमा स्थापित हुनेछ भन्दै यस संस्थाले अझ बढि सहयोगको अपेक्षा गर्दछ। यसका साथै यस गरिमामय साधारण सभामा आफ्नो अमूल्य समय दिएर सक्रिय सहभागिता जनाउनु हुने प्रमुख अतिथि ज्यू, विशिष्ट अथिति ज्यू, सम्पूर्ण अतिथिज्यूहरू र शेयर सदस्यज्यूहरूमा लेखासमितिको तर्फबाट हार्दिक धन्यवाद दिँदै भर्खरै गएको वडा दशैं तथा आउदै गरेको  शुभ दिपावली तथा छठ पर्वको हार्दिक मङ्गलमय शुभकामना दिन चाहन्छु।

| | | |
|---|---|---|
| दुर्गा नारायण डुम्रे | दिवाकर अधिकारी | कल्पना जि.सी. सुवेदी |
| लेखा समिति सदस्य | लेखा समिति सदस्य | लेखा समिति संयोजक |

# M.R. PANTHI & ASSOCIATES

Butwal-9, Rupandehi
PAN No. 106492765

Mem. No.: 906
COP No.: 752
Firm No.: 658

**साना किसान कृषि सहकारी संस्था लिमिटेड देवदहको वित्तिय विवरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन,**

**शेयरधनी महानुभावहरू,**

**१. वित्तिय विवरण उपर लेखापरीक्षकको प्रतिवेदन :**

हामीले **साना किसान कृषि सहकारी संस्था लिमिटेड ,देवदह, देवदह नगरपालिका, वडा नं. ०६, रुपन्देहीको** (यस पछि सहकारी भनिएको) को यसै साथ संलग्न **२०८२ आषाढ ३२** मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू (यसपछि समग्रमा वित्तिय विवरणहरू भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं।

**२. वित्तिय विवरणमा लेखापरीक्षकको राय:**

नेपाल लेखामान प्रतिवेदनमान (एन.एफ.आर.एस.) अनुरुप सहकारी संस्थाले वित्तिय विवरणहरु तयार गर्नुपर्ने गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट निर्देशन जारी गरिएको सन्दर्भमा, संस्थाले एन.एफ.आर.एस. अपनाएको अवस्था नरहेको हुंदा यस प्रतिवेदनसंग संलग्न वित्तिय विवरणहरु विगतमा अपनाइएका लेखानितिहरु अनुरुप नै तयार गरिएका छन्। तसर्थ ती विवरणहरुले नेपाल लेखामान प्रतिवेदनमान एन.एफ.आर.एस. अनुरुप वित्तिय सुचना प्रवाह गर्दैनन् ।

**३. सहकारी ऐन, नियमावली र अन्य कानून अनुसार लेखापरिक्षणको क्रममा प्राप्त अन्य खुलासा तथा कैफियतहरु सम्बन्धमा प्रतिवेदन :**

- संस्थाले सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरीगं) निवारण ऐन, २०६४, नियमावली २०६६ र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरीएको निर्देशिका, २०७४ मा भएका व्यवस्थाहरु अनुसार शंकास्पद कारोवार भएको छ छैन जस्ता कार्यहरुको पर्याप्त जांच गर्नुपर्ने साथै नियामक निकायमा नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्ने ।
- संस्थाको आ.व.२०८१।०८२ को अन्त्यमा विभिन्न ऋणी शेयर सदस्यहरुबाट उठ्न बांकी ब्याज रु.२,११,२८,४३९। रहेको ।
- संस्थाले कर्जा जोखिम कोषको व्यवस्था गर्न ऋण लगानीलाई वर्गीकरण गर्दा निर्देशिकाले तोके बमोजिम असार मसान्तिमा उठ्नबांकी ऋण लगानीको आधारमा गर्नुपर्नेमा उठ्नबांकी किस्ताको आधारमा ऋण लगानीलाई असल, शंकास्पद तथा खराब ऋणमा वर्गिकरण गरी सोही बमोजीम ऋण नोक्सानी व्यवस्था गरेको ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२।०२।०९ गते जारी गरेको मापदण्ड बमोजिम ऋण नोक्सानी व्यवस्था असल, कमशल, शंकास्पद तथा खराब ऋणमा १,२५,५० र १०० प्रतिशत ऋण नोक्सानी व्यवस्था गर्नुपर्नेमा विगतका आ.व. अनुसारकै दरमा व्यवस्था गरेको ।
- संस्थाले लेखापरिक्षकको बार्षिक लेखापरिक्षण बापतको शुल्क लेखाकंन गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्स्स संस्थाले निर्धारण गरेको न्यूनतम पारीश्रमिक रु.३,००,०००.०० लेखाकंन गर्नुपर्ने कानुनी व्यवस्था रहेकोमा संस्थाले रु.१५,०००.०० मात्र पारीश्रमिक लेखाकंन गरेको । आगामी आर्थिक वर्षलाई न्युनतम पारीश्रमिक बराबरको बजेट व्यवस्था गर्नुपर्ने ।

M.R. Panthi & Associates Chartered Accountant



Email: panthi.mukul@gmail.com, Contact No: 9857070885

- लेखापरीक्षणका क्रममा भेटीएका कैफियत तथा आन्तरीक नियन्त्रण प्रणालीमा देखिएका कमी कमजोरीहरुका बारेमा व्यवस्थापनलाई सूझाव पेश गर्नू हाम्रो जिम्मेवारी हो र सो अनूरुप हामीले प्रारम्भिक प्रतिवेदनको रुपमा व्यवस्थापनलाई सूझावहरु पेश गरेका छौं ।
- लेखानिति तथा लेखाटिप्पणीमा समावेश गरीएका लेखाटिप्पणीहरु लेखाप्रतिवेदनका अभिन्न अंग हून् । साथै ति लेखाटिप्पणीले लेखामा पार्ने प्रभावलाई लेखा प्रतिवेदनमा समावेश गरीएको छैन ।
- हामीले लेखापरीक्षणको सिलसिलामा आबश्यक ठानेका सूचना एवं स्पष्टिकरको साथै माग गरेका विवरणहरु यथाशिघ्र तथा सन्तोषजनक रुपमा पाएका छौं ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रुपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभित्र रहेको पायौं ।

**४. वित्तीय विवरण र सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयारी एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अर्न्तगत वित्तिय विवरण जालसाजी वा गल्तीबाट होस, सारभूत रूपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई सहकारी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक सहकारी निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी सहकारीको व्यवस्थापनमा रहेको छ । संचालक समिति सहकारीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

**५. वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्वः**

वित्तीय विवरणहरु सम्पूर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरूप गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सबै पहिचान हुन्छन् भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरूले वित्तिय दिवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरू लाई अलग अलग वा समग्र रूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभूत रूपमा गलत प्रस्तुति भनिन्छ ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountants बमोजिम हामी सहकारी सँग स्वतन्त्र छौ र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**नेपाल लेखापरीक्षणमान अनुरूप लेखापरीक्षणको क्रममा हामी व्यावसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौ । क्रमश हामीले,**

१. वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरूको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौ । मिलिभगत, ठगी, जानाजानी भुलचूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरूभन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरूको पहिचान नहुने जोखिम अधिक रहन्छ ।

Page 2 of 3

M.R. Pandit & Associates Chartered Accountant

२. सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
३. व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखासम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौ ।
४. व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरू सँग सम्बन्धित सारभूत अनिश्चितताको सहकारीको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नु पर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरूले सहकारी अविच्छिन्न निकायको रूपमा नरहन सक्दछ ।
५. कारणले वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अन्तरनिहित कारोवार एवम् घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रूपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।
६. हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरू लाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायत सहकारीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउदछौं ।
७. सुशासनको जिम्मेवारी बहन गरेकाहरू लाई प्रासंगिक नैतिक आवश्यकताहरू पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं ।

M.R. Panthi & Associates Chartered Accountant MRP

सिए. मुकुल राज पन्थी (प्रोप्राईटर)
एम.आर.पन्थी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स
स्थान: बुटवल, रुपन्देही
मितिः २०८२।०५।२९
आईक्यान युडिन : 250920CA00906U8sfP

**संलग्न:** लेखापरीक्षण प्रतिवेदन, वित्तिय विवरण, अनुसूचीहरु, लेखानिति तथा लेखाटिप्पणी

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

### २०८२ साल आषाढ मसान्तको

### संस्था सम्बन्धी विवरण

| क.सं | विवरण | अवस्था |
|---|---|---|
| १ | संस्थाको नाम | साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह |
| २ | संस्थाको ठेगाना | देवदह नगरपालिका वडा न. ०६, रुपन्देही |
| ३ | आर्थिक बर्ष | २०८१।०८२ |
| ४ | सदस्य संख्या | ४५२४ |
| क | महिला | ३३१७ |
| ख | पूरुष | १२०७ |
| ५ | सञ्चालक संख्या | ९ |
| क | महिला | ४ |
| ख | पूरुष | ५ |
| ६ | ऋणी संख्या | १४५२ |
| ६ | समूह संख्या | ८५८ |
| ७ | कर्मचारी संख्या | ९ |
| क | महिला | ४ |
| ख | पूरुष | ५ |
| ७ | शेयर पुंजी | ३८,५०४,८००.०० |
| ८ | कर्जा रकम | ४८९,१०९,०१९.०० |
| ९ | निक्षेप | ३६९,५६१,०८४.०९ |
| १० | कर्जा निक्षेप(अनूपात) | १३२.३५% |
| ११ | लगानी | ३,५२०,४५१.०० |
| १२ | उत्पादित वस्तू वा सेवाको विवरण | वित्तीय कारोबार |
| १३ | कार्यक्षेत्र | साविकको देवदह गा.वि.स र साविकको सिक्टहन गा.वि.स वडा नं १ देखि ९ रहेको |
| १४ | सदस्यलाई दिने ब्याज दर | ५.५% देखी ८% |
| १५ | ऋण लगानी गर्दा लिने ब्याज दर | ८% देखी ११% |
| १६ | तरलता प्रतिशत | २३.१०% |
| १७ | आयकर पछिको खुद मुनाफा | १४,७७२,७६१.३९ |

प्रबन्धक    लेखा संयोजक    उपाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक

M.R. Panthi & Associates
Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

२०८२ आषाढ मसान्तको वासलात

| क्र.स. | पुंजी तथा दायित्व | अनुसूची | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|---|
| १ | शेयर पुंजी | १ | ३८,५०४,८००.०० | ३८,६०७,३००.०० |
| २ | जगेडा तथा अन्य कोषहरु | २ | १२७,५५७,०७७.७४ | १२२,१४३,९४२.३५ |
| ३ | निक्षेप हिसाव | ३ | ३६९,५६१,०८४.०९ | ३३६,००९,५९६.६५ |
| ४ | भुक्तानी दिनुपर्ने हिसाव | ५(क) | ७१४,०२५.२३ | ३५३,६२२.२३ |
| ५ | अन्य तिर्नु पर्ने दायित्व | ५ | २३,७७२,७२२.२० | १९,७३०,२७९.०० |
| ६ | कर्जा नोक्सानी व्यवस्था | ८(क) | १८,३४८,५९२.०० | १५,९५७,२४९.०० |
| ७ | ऋण सापटी | ४ | २९,४२०,०००.०० | ७०,२९५,०००.०० |
| ८ | अनुदान | | १२४,०००.०० | १२४,०००.०० |
| | कुल पुंजी तथा दायित्व | | ६०८,००२,३०१.२६ | ६०३,२२०,९८९.२३ |
| | सम्पत्ति तथा जायजेथा | | | |
| १ | नगद मौज्दात | ६ | ६,२२३,८०७.०० | ५,५२३,०८७.०० |
| २ | बैंक मौज्दात | ६(क) | ७९,१५२,८०९.४६ | ८६,५८२,९७०.२५ |
| ३ | लगानी | ७ | ३,५२०,४५१.०० | २,३७५,५३१.०० |
| ४ | कर्जा लगानी | ८ | ४८९,१०९,०१९.०० | ४८३,०८९,२९४.०० |
| ५ | पाउनपर्ने हिसाव | ९ | २४,८४३,४१७.०७ | २०,११२,२७५.४९ |
| ६ | स्थिर सम्पत्ति | १० | ५,१५२,७९७.७३ | ५,५३७,८३१.४९ |
| | कुल सम्पत्ति तथा जायजेथा | | ६०८,००२,३०१.२६ | ६०३,२२०,९८९.२३ |

प्रमुख लेखानीति तथा लेखा सम्बन्धी टिप्पणीहरु १७

यसै साथ संलग्न प्रतिवेदन अनुसार

प्रबन्धक | लेखासंयोजक | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

M.R. Panthi & Associates
Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

आ.व.२०८१।०८२ को नाफा-नोक्सान हिसाब

| क्र.स. | विवरण | अनुसूची | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी | ११ | ५९,१४२,७०८.५८ | ६७,२४९,६७६.०७ |
| २ | ब्याज खर्च | १३ | २७,०३१,९५२.०० | ३५,८६५,५४८.६१ |
| | खुद ब्याज आम्दानी | | ३२,११०,७५६.५८ | ३१,३८४,१२७.४६ |
| ३ | अन्य सञ्चालन आम्दानी | १२ | ३,५२०,७५३.५४ | ४,२३१,११७.२८ |
| | कुल सञ्चालन आम्दानी | | ३५,६३१,५१०.१२ | ३५,६१५,२४४.७४ |
| ४ | कर्मचारी खर्च | १५ | ८,०१२,१५८.०० | ६,९१७,७८८.०० |
| ५ | प्रशासनिक खर्च | १६ | ८,१३९,३०९.९७ | ७,७०४,४१२.४१ |
| ६ | ह्रास कट्टी खर्च | १० | ५७६,२३४.७६ | ६१३,८२१.०० |
| | कुल सञ्चालन खर्च | | १६,७२७,७०२.७३ | १५,२३६,०२१.४१ |
| | खुद सञ्चालन मुनाफा | | १८,९०३,८०७.३९ | २०,३७९,२२३.३३ |
| ७ | गैर सञ्चालन आम्दानी | १४ | ९००.०० | १३,६०४.०० |
| ८ | संभावित नोक्सानी व्यवस्था (आम्दानी) / खर्च | | २,३९१,३४३.०० | (६६,९१४.००) |
| ९ | अन्य कोष | | - | |
| | नियमित कारोबारबाट भएको मुनाफा | | १६,५१३,३६४.३९ | २०,४५९,७४१.३३ |
| १० | असामान्य कारोबारबाट भएको (आम्दानी)/खर्च | | - | - |
| | आयकर तथा बोनस व्यवस्था पुर्वको मुनाफा | | १६,५१३,३६४.३९ | २०,४५९,७४१.३३ |
| ११ | कर्मचारी बोनस व्यवस्था | | | |
| | कर्मचारी बोनस पछिको खुद बचत | | १६,५१३,३६४.३९ | २०,४५९,७४१.३३ |
| १२ | आयकर व्यवस्था | | १,७४०,६०३.०० | २,०७४,७०४.०० |
| १३ | गत बर्षको कर | | - | - |
| | आयकर पछिको खुद मुनाफा | | १४,७७२,७६१.३९ | १८,३८५,०३७.३३ |

प्रमुख लेखानीति तथा लेखा सम्बन्धी टिप्पणीहरु १७

यसै साथ संलग्न प्रतिवेदन अनुसार

प्रबन्धक | लेखासंयोजक | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

M.R. Panthi & Associates Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

### आ.व.२०८१।०८२ को नगद प्रवाह विवरण

| क्र.स. | विवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| | सञ्चालन गतिविधिबाट नगद प्रवाह | | |
| | यसबर्षको आयकर पछिको खुद नाफा | १४,७७२,७६१.३९ | १८,३८५,०३७.३३ |
| | ह्रासकट्टी खर्च | ५७६,२३४.७६ | ६१३,८२१.०० |
| | कार्यशिल पुंजी परिवर्तन अगाडिको नगद प्रवाह | १५,३४८,९९६.१५ | १८,९९८,८५८.३३ |
| | निक्षेप हिसावमा बृद्धि / कमी | ३३,५५१,४८७.४४ | ३०,५३३,०३५.७२ |
| | भुक्तानी दिनुपर्ने हिसावमा बृद्धि / कमी | ३६०,४०३.०० | (४,७१८,२८७.२६) |
| | अन्य तिर्नु पर्ने दायित्वमा बृद्धि / कमी | ४,०४२,४४३.२० | ८,१८९,९८२.४५ |
| | कर्जा नोक्सानी व्यवस्थामा बृद्धि / कमी | २,३९१,३४३.०० | (६६,९१४.००) |
| | कर्जा लगानीमा बृद्धि / कमी | (६,०१९,७२५.००) | ३२,१०८,७४२.०० |
| | अन्य सम्पत्ती/ पाउनपर्ने हिसावमा बृद्धि /कमी | (४,७३१,१४१.५८) | (१०,७९९,८४७.०७) |
| १ | सञ्चालन गतिविधिबाट भएको खुद नगद प्रवाह | ४४,९४३,८०६.२१ | ७४,२४५,५७०.१७ |
| | लगानी गतिविधिबाट भएको नगद प्रवाह | | |
| | स्थिर सम्पत्तिमा खरिद / बिक्री | (१९१,२०१.००) | (८१०,७५९.००) |
| | लगानीमा बृद्धि /कमी | (१,१४४,९२०.००) | (२३,५६३.००) |
| | लाभांश आम्दानी | | |
| २ | लगानी गतिविधिबाट भएको नगद खुद प्रवाह | (१,३३६,१२१.००) | (८३४,३२२.००) |
| | वित्तीय गतिविधिबाट भएको नगद प्रवाह | | |
| | कोष रकमहरुको बृद्धि / कमी | (९,३५९,६२६.००) | (१२,०२८,६६४.००) |
| | शेयर पूंजीमा बृद्धि /कमी | (१०२,५००.००) | १,२११,१००.०० |
| | दिर्घकालीन ऋणमा बृद्धि / कमी | (४०,८७५,०००.००) | (४८,५५०,०००.००) |
| | अनुदान | - | |
| ३ | वित्तीय गतिविधिबाट भएको खुद नगद प्रवाह | (५०,३३७,१२६.००) | (५९,३६७,५६४.००) |
| | यस बर्षको खुद नगद प्रवाह | (६,७२९,४४०.७९) | १४,०४३,६८४.१७ |
| | गत बर्षको बैंक तथा नगद मौज्दात | ९२,१०६,०५७.२५ | ७८,०६२,३७३.०८ |
| | यस बर्षको बैंक तथा नगद मौज्दात | ८५,३७६,६१६.४६ | ९२,१०६,०५७.२५ |

यसै साथ संलग्न प्रतिवेदन अनुसार

प्रबन्धक | लेखासंयोजक | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

M.R. Panthi & Associates
Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह
## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही
### आ.व. २०८१।०८२ को नाफा बांडफांड विवरण

| क्र.स. | विवरण | प्रतिशत | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|---|
| १ | आयकर पछिको नाफा | | १४,७७२,७६१.३९ | १८,३८५,०३७.३३ |
| २ | जगेडा कोष | २५.०% | ३,६९३,१९०.३५ | ४,५९६,२५९.३३ |
| | जगेडा कोष पछिको नाफा | | ११,०७९,५७१.०४ | १३,७८८,७७८.०० |
| | संरक्षित पूंजी कोष | २५% | २,७६९,८९२.७६ | ३,४४७,१९४.५० |
| | सहकारी प्रवद्धन कोष | ०.५०% | ५५,३९७.८६ | ६८,९४३.८९ |
| | बाकी | | ८,२५४,२८०.४२ | १०,२७२,६३९.६१ |
| १ | शेयर लाभांश कोष | ५०.०% | ४,१२७,१४०.२२ | ५,१३६,३१९.८१ |
| २ | कर्मचारी बोनस कोष | १०.०% | ८२५,४२८.०४ | १,०२७,२६३.९६ |
| ३ | सहकारी शिक्षा कोष | १०.०% | ८२५,४२८.०४ | १,०२७,२६३.९६ |
| ४ | सहकारी विकास कोष | १०.०% | ८२५,४२८.०४ | १,०२७,२६३.९६ |
| ५ | घाटा पूर्ति कोष | १०.०% | ८२५,४२८.०४ | १,०२७,२६३.९६ |
| ६ | सामुदायिक विकास कोष | ५.०% | ४१२,७१४.०२ | ५१३,६३१.९८ |
| ७ | जोखिम व्यवस्थापन कोष | ५.०% | ४१२,७१४.०२ | ५१३,६३१.९८ |
| | जम्मा | १००% | ८,२५४,२८०.४२ | १०,२७२,६३९.६१ |

प्रबन्धक    लेखासमिति    उपाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक

M.R. Panthi & Associates
Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह
## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही
## २०८२ साल आषाढ मसान्तको
## ईक्यूटिमा भएको परिवर्तन

ईक्यूटिमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पुंजी | खुद बचत | जगेडा कोष | अन्य कोषहरु | जम्मा रकम |
|---|---|---|---|---|---|
| सूरुको मौज्दात | ३८,६०७,३००.०० | ०.०० | ६८,०८२,२२०.२७ | ५४,०६१,७२२.०८ | १६०,७५१,२४२.३५ |
| **समायोजन** | | | | | |
| शेयर पुंजीमा कमी वा बृद्धि | (१०२,५००.००) | | - | - | (१०२,५००.००) |
| यस वर्षको खुद बचत | - | १४,७७२,७६१.३९ | - | - | १४,७७२,७६१.३९ |
| शाधारण जगेडा कोषमा सारीएको रकम | - | - | १३,१८७,७४२.०९ | (१३,१८७,७४२.०९) | - |
| अन्य कोषहरुमा सारीएको रकम | - | - | - | २,१००,०००.०० | २,१००,०००.०० |
| यस वर्षको लाभांश वितरण | - | - | - | (८,५८०,२६४.००) | (८,५८०,२६४.००) |
| यस वर्षको विभिन्न कोष खर्च तथा भूक्तानीहरु | - | - | - | (२,८७९,३६२.००) | (२,८७९,३६२.००) |
| अन्य कोषहरुबाट जगेडामा सारीएको रकम | ०.०० | ०.०० | | | - |
| जम्मा | (१०२,५००.००) | १४,७७२,७६१.३९ | १३१८७७४२.०९ | (२२,५४७,३६८.०९) | ५,३१०,६३५.३९ |
| कुल जम्मा | ३८,५०४,८००.०० | १४,७७२,७६१.३९ | ८१,२६९,९६२.३६ | ३१,५१४,३५३.९९ | १६६,०६१,८७७.७४ |

| प्रबन्धक | लेखासंयोजक | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |
|---|---|---|---|---|

M.R. Panthi & Associates, Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## आ.व. २०८१।०८२ को वित्तिय विवरणका अनुसूचीहरु

## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

अनुसूची १

शेयर पुंजी विवरण

| क.सं. | विवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| १ | सुरुको रकम | ३८,६०७,३००.०० | ३७,३९६,२००.०० |
| २ | यस बर्ष थप | | ६,४२६,७००.०० |
| ३ | यस बर्ष फिर्ता | १०२,५००.०० | ५,२१५,६००.०० |
| | जम्मा रकम | ३८,५०४,८००.०० | ३८,६०७,३००.०० |

निक्षेप हिसाव

अनुसूची ३

| क.सं. | बिवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| १ | समूह वचत | १२,८६६,९१५.०० | ११,८४७,२१७.०० |
| २ | अनिर्वाय वचत | २०१,९९३,८३०.०० | १८४,३९४,६४७.०० |
| ३ | कर्मचारी संचय कोष खाता | ५,४४०,६८०.०० | ४,५०२,९०२.०० |
| ४ | बाल वचत | १०,७२०,७७७.०० | ९,०२७,४६२.०० |
| ५ | मुद्धति बचत | १८,८६४,३८८.०० | ११,१६७,५८१.०० |
| ६ | ग्राहक सुरक्षण खाता | २६,५६७,७२५.०० | २६,६०३,३४३.०० |
| ७ | व्यक्तिगत बचत | १९,९७८,२४७.०० | १९,३०२,७०१.०० |
| ८ | लाभ वचत | २१,४९२,६१२.४३ | २०,२४९,००५.९९ |
| ९ | महिला पेवा | १,२८८,४८३.०० | ४७१,०२४.०० |
| १० | संघ संस्था वचत | २०,००९.०० | १९,२७७.०० |
| ११ | सामाजिक सुरक्षा कोष | १८,९०३,२७६.०० | १७,९२९,७१८.०० |
| १२ | पशु विमा बचत | ३०,५४२,०४४.६६ | ३०,४९४,७१८.६६ |
| १३ | म्यादी बिमा बचत | ८८२,०९७.०० | |
| | जम्मा | ३६९,५६१,०८४.०९ | ३३६,००९,५९६.६५ |

प्रबन्धक लेखासंयोजक उपाध्यक्ष अध्यक्ष लेखापरीक्षक

M.R. Panthi & Associates
Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## आ.व. २०८१।०८२ को वित्तिय विवरणका अनुसूचीहरु

### ऋण सापटी

अनुसूची ४

| क.सं. | विवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| १ | साना किसान बिकास बैकं लघु उद्यम कर्जा | ३,९२०,०००.०० | ४,५९५,०००.०० |
| २ | साना किसान बिकास बैकं लघु कर्जा | - | ७,०००,०००.०० |
| ३ | साना किसान बिकास बैकं पशुपालन कर्जा | - | ५८,२००,०००.०० |
| ४ | साना किसान बिकास बैकं सम्बद्धि कर्जा | २५,५००,०००.०० | ५००,०००.०० |
| | जम्मा रकम | २९,४२०,०००.०० | ७०,२९५,०००.०० |

### अन्य तिर्नु पर्ने दायित्व हिसाब

अनुसूची ५

| क.सं. | विवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| १ | लेखापरिक्षण शुल्क | १४७,७५०.०० | १४७,७५०.०० |
| २ | लेखापरिक्षण कर | २,२५०.०० | २,२५०.०० |
| ३ | ब्याज कर | ६७६,१४१.०० | ७२९,३८९.०० |
| ४ | शेयर लाभांश कर | ९१९.२० | १९४,३९८.०० |
| ५ | आय कर | १,७४०,६०३.०० | २,१९८,७३८.०० |
| ६ | संचालक तथा लेखा समिति भत्ता कर | २१,०९६.०० | ५,७७५.०० |
| ७ | बाख्रापालन समूह | २,०००.०० | २,०००.०० |
| ८ | कर्मचारी सासु तथा तलव भत्ता कर | ५३,५२४.०० | २६,३१३.०० |
| ९ | अन्य कर | - | १,४९६,०४९.०० |
| १० | कन्ट्रा ब्याज | २१,१२८,४३९.०० | १४,९२७,६१७.०० |
| | जम्मा रकम | २३,७७२,७२२.२० | १९,७३०,२७९.०० |

### भुक्तानी दिनुपर्ने हिसाब

अनुसूची ५(क)

| क.सं. | विवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| १ | संचालकलाई भुक्तानी दिनुपर्ने | ६,३००.०० | ५,६००.०० |
| २ | अन्यलाई भुक्तानी दिनुपर्ने | ५४५,२५४.२३ | २१२,६७७.२३ |
| ३ | तेतर थारु राहात | - | ५२,३४५.०० |
| ४ | फोन पे | ६२,४७१.०० | - |
| ६ | भगवती बश्याल | - | ५,०००.०० |
| ७ | मिडिया | - | २८,०००.०० |
| ८ | खाता बन्दी | १००,०००.०० | ५०,०००.०० |
| | जम्मा रकम | ७१४,०२५.२३ | ३५३,६२२.२३ |

प्रबन्धक    लेखासंयोजक    उपाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक

M.R. Panthi & Associates
Chartered Accountant

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

## देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

### आ.व. २०८१।०८२ को वित्तिय विवरणका अनुसूचीहरु

जगेडा तथा अन्य कोषहरु

अनुसूची २

| क.सं. | विवरण | गत वर्ष सम्मको रकम | यस वर्षको समायोजन | यस वर्ष भुक्तान | बाकीं | यस वर्षको थप | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष | ६८,०८२,२२०.२७ | १३,१८७,७४२.०९ | | ८१,२६९,९६२.३६ | ३,६९३,१९०.३५ | ८४,९६३,१५२.७१ |
| २ | शेयर लाभांश कोष | ५,२६५,२६९.६५ | (१३२,१४७.६५) | ५,१३३,१२२.०० | - | ४,१२७,१४०.२२ | ४,१२७,१४०.२२ |
| ३ | संरक्षित पुंजी कोष | ३,४४७,६१३.५४ | (४७१.५४) | ३,४४७,१४२.०० | - | २,७६९,८९२.७६ | २,७६९,८९२.७६ |
| ४ | कर्मचारी बोनस कोष | १,३६२,९३८.७३ | (४४२,५३७.७३) | ९२०,४०१.०० | - | ८२५,४२८.०४ | ८२५,४२८.०४ |
| ५ | सहकारी शिक्षा कोष | ४,९३०,०४८.८७ | (४,२१९,७४३.८७) | ७१०,३०५.०० | - | ८२५,४२८.०४ | ८२५,४२८.०४ |
| ६ | सहकारी विकास कोष | ५,३७४,५५०.२५ | (४,८०७,२२९.२५) | ५६७,३२१.०० | ०.०० | ८२५,४२८.०४ | ८२५,४२८.०४ |
| ७ | डुवन्त ऋण कोष | ९२२,२४१.७८ | | | ९२२,२४१.७८ | | ९२२,२४१.७८ |
| ८ | घाटा पूर्ति कोष | २,३०५,४२१.७३ | (१,२७८,१५७.००) | | १,०२७,२६४.७३ | ८२५,४२८.०४ | १,८५२,६९२.७७ |
| ९ | सहकारी प्रवद्धन कोष | ३०९,७२५.५० | | - | ३०९,७२५.५० | ५५,३९७.८६ | ३६५,१२३.३६ |
| १० | सामुदायिक विकास कोष | २,३०७,४५५.०५ | (२,३०७,४५५.०५) | | - | ४१२,७१४.०२ | ४१२,७१४.०२ |
| ११ | जोखिम व्यवस्थापन कोष | २,३०७,४५५.०५ | | - | २,३०७,४५५.०५ | ४१२,७१४.०२ | २,७२०,१६९.०७ |
| १२ | ऋण मोचन कोष | २५३,२२३.०० | | - | २५३,२२३.०० | | २५३,२२३.०० |
| १३ | कर्मचारी बिदा कोष | १,७३०,०८५.०० | - | २०७,३३५.०० | १,५२२,७५०.०० | १,१००,०००.०० | २,६२२,७५०.०० |
| १४ | कर्मचारी उपदान कोष | ६,६४१,८५७.३८ | - | - | ६,६४१,८५७.३८ | १,०००,०००.०० | ७,६४१,८५७.३८ |
| १५ | दुर्घटना क्षतिपुर्ति कोष | ४,५१४,१४२.०० | १,५७५,०००.०० | १००,०००.०० | ५,९८९,१४२.०० | - | ५,९८९,१४२.०० |
| १६ | दैविक प्रकोप कोष | १,६२५,०००.०० | (१,५७५,०००.००) | ५०,०००.०० | - | - | - |
| १७ | सामाजिक सुरक्षा कोष | ८,३०४,२०३.२५ | २,१३६,४९१.३० | - | १०,४४०,६९४.५५ | - | १०,४४०,६९४.५५ |
| १८ | मृतक राहात कोष | २,४६०,४९१.३० | (२,१३६,४९१.३०) | ३२४,०००.०० | - | | - |
| | जम्मा रकम | १२२,१४३,९४२.३५ | ०.०० | ११,४५९,६२६.०० | ११०,६८४,३१६.३५ | १६,८७२,७६१.३९ | १२७,५५७,०७७.७४ |

प्रबन्धक    लेखासंयोजक    उपाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक

# साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवदह

देवदह नगरपालिका वडा न. ०६, रुपन्देही

आ.व. २०८१।०८२ को वित्तिय विवरणका अनुसूचीहरु

नगद मौज्दात — अनुसूची ६

| क्र.सं. | बिवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
| १ | नगद मौज्दात | ६,२२३,८०७.०० | ५,५२३,०८७.०० |
| | जम्मा | ६,२२३,८०७.०० | ५,५२३,०८७.०० |

बैंक तथा वित्तिय संस्थामा रहेको मौज्दात — अनुसूची ६ (क)

| क्र.सं. | बिवरण | यस वर्षको रकम | गत वर्षको रकम |
|---|---|---|---|
